# मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/०८१-२०८२/०८३)

# तथा

# वार्षिक विकास कार्यक्रम (२०८०/०८१)



गाउँ कार्यपालिकाको कार्यालय

चाँखुरे, हुम्ला

२०८०

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/०८१-२०८२/०८३)

**प्रकाशक** : **ताँजाकोट गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

आवरण फोटो : ताँजाकोट गाउँपालिकास्थित मदना ख्वौला तस्विर : विशाल ढकाल

**प्रकाशन मिति** : २०८०

प्राविधिक सहयोग : स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)

**सम्पर्कका लागि** : गाउँ कार्यपालिकाको कार्यालय
चाँखुरे, हुम्ला, कर्णाली प्रदेश,नेपाल
फोन नं.: ९८५८३२०२१७
ईमेलः ito.tajakotmun@gmail.com

## ताँजाकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, चाँखुरे, हुम्ला

### मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै ताँजाकोट गाउँपालिकाले पनि प्रथम मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान् सम्भावनामा आधारित रही विद्यमान् समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई डोऱ्याउने अपेक्षा गरेको छु ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, जसबाट अघिल्लो शताब्दीको उत्तरार्द्धदेखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, विशेषगरी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तरगत कार्यरत योजना तथा क्षमता विकास सल्लाहकार श्री कमल बहादुर महतलाई विशेष धन्यवाद दिन चाहन्छु ।

..........................

लालकेश जैसी

अध्यक्ष

**ताँजाकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, चाँखुरे, हुम्ला**

## मन्तव्य

यो मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/०८१/२०८२/०८३) ताँजाकोट गाउँपालिकाले प्रथम पटक निर्माण गरेको थाहा पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐनसमेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै ताँजाकोट गाउँपालिकाले पनि प्रथम मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

ताँजाकोट गाउँपालिका तुलनात्मक रुपमा दुर्गम गाउँपालिका भएकोले यसले स्रोत व्यवस्थापन गर्न कठिनाई भोगिरहेको छ । यस्तो सन्दर्भमा यस मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान् सम्भावनामा आधारित रही विद्यमान् समस्याहरूलाई व्यवस्थित रुपमा सम्बोधन गर्ने अपेक्षा राखेको छ । मध्यमकालीन खर्च संरचना आफैंमा स्थानीय तहको बजेट व्यवस्थापन गर्ने महत्वपूर्ण दस्तावेज हो । ताँजाकोट गाउँपालिकाजस्तो नेपाल, प्रदेश सरकार, विकास साझेदारहरुको कम आँखा पर्ने गाउँपालिकामा उपलब्ध स्रोतको अधिकतम् उपयोग गर्नु आफैंमा चुनौतीपूर्ण छ। यस्तो अवस्थामा यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको बजेट, कार्यक्रम र योजनाहरुलाई सही दिशानिर्देश गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, जसबाट अघिल्लो शताब्दीको उत्तरार्द्धदेखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, विशेषगरी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तरगत कार्यरत योजना तथा क्षमता विकास सल्लाहकार श्री कमल बहादुर महतलाई विशेष धन्यवाद दिन चाहन्छु।

..........................

सुरेन्द्र थापा

उपाध्यक्ष

ताँजाकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, चाँखुरे, हुम्ला

## प्राक्कथन

ताँजाकोट गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूति भइरहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

गत वर्ष यस गाउँपालिकाले अकल्पनीय विपद्को त्राशदी भोग्नुपऱ्यो । एक हप्ताको लगातार वर्षाबाट दर्जनौ घरहरु क्षति हुनुको साथै चौपाया, अनाज लगायत धनजनको क्षति हुन पुग्यो । यस्तो विपद्बाट बच्न समयमै विपद् प्रतिकार्य योजना बनाउन जरुरी छ । त्यस्तै, स्रोतको सदुपयोग गर्दे ताँजाकोटका जनताहरुलाई जीविकोपार्जनका कार्यक्रम अनि गाउँमै रोजगारी दिनु चुनौतीपूर्ण छ। यस्तो अवस्थामा यो मध्यमकालीन खर्च संरचनाले स्रोतको सदुपयोगमा अहम् भूमिका खेल्ने मैले देखेको छु।

मध्यमकालीन खर्च संरचनाको तर्जुमाले यस गाउँपालिकाका सम्पूर्ण विकास प्रयासलाई दिगो विकास उन्मुख गराउन महत्वपूर्ण टेवा पुऱ्याउन सक्ने अपेक्षा गरेको छु।

मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिकामार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्तमा, यस ताँजाकोट गाउँपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तरगत कार्यरत योजना तथा क्षमता विकास सल्लाहकार श्री कमल बहादुर महतलाई विशेष धन्यवाद दिन चाहन्छु।

.......................................

राजेन्द्र स्याङ्कु

नि.प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

**परिच्छेद एक : परिचय** ...... १
१.१ पृष्ठभूमि ...... १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ...... १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ...... २
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ...... २
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ...... ३
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ...... ४
परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना ...... ८
**२.१ पृष्ठभूमि** ...... ८
२.२ चूनौति तथा अवसर ...... ८
२.३ सोच, उद्देश्य तथा रणनीति ...... ९
२.४ मध्यमकालीन आर्थिक खाका ...... ११
२.५ मध्यमकालीन नतिजा खाका ...... ११
२.६ मध्यमकालीन बजेट खाका ...... १२
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ...... १५
२.८ विषय क्षेत्रगत बाँडफाँट ...... १६
**परिच्छेद तीन : आर्थिक क्षेत्र** ...... १८
**३.१ कृषि तथा खाद्य सुरक्षा** ...... १८
३.१.१ पृष्ठभूमि ...... १८
३.१.२ समस्या तथा चूनौति ...... १८
३.१.३ सोच ...... १९
३.१.४ उद्देश्य ...... १९
३.१.५ रणनीति ...... १९
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १९
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २०
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... २०
३.१.९ जोखिम पक्ष तथा अनुमान ...... २०
**३.२ सिंचाई** ...... २०
३.२.१ पृष्ठभूमि ...... २०
३.२.२ समस्या तथा चुनौति ...... २१
३.२.३ सोच ...... २१
३.२.४ उद्देश्य ...... २१
३.२.५ रणनीति ...... २१
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २१
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २२
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... २२
३.२.९ जोखिम पक्ष तथा अनुमान ...... २२
**३.३ पशु सेवा** ...... २२
३.३.१ पृष्ठभूमि ...... २२
३.३.२ समस्या तथा चूनौति ...... २३
३.३.३ सोच ...... २३
३.३.४ उद्देश्य ...... २३
३.३.५ रणनीति ...... २४
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २४
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २४

३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ २५
३.३.९ जोखिम पक्ष तथा अनुमान........ २५
**३.४ उद्योग, व्यापार तथा व्यवसाय........ २५**
३.४.१ पृष्ठभूमि........ २५
३.४.२ समस्या तथा चुनौति........ २५
३.४.३ सोच........ २६
३.४.४ उद्देश्य........ २६
३.४.५ रणनीति........ २६
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ २६
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ २६
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ २७
३.४.९ जोखिम पक्ष तथा अनुमान........ २७
**३.५ पर्यटन तथा संस्कृति........ २७**
३.५.१ पृष्ठभूमि........ २७
३.५.२ समस्या तथा चूनौति........ २७
३.५.३ सोच........ २८
३.५.४ उद्देश्य........ २८
३.५.५ रणनीति........ २८
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ २८
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ २८
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ २९
३.५.९ जोखिम पक्ष तथा अनुमान........ २९
**३.६ भूमि व्यवस्था, सहकारी तथा वित्त........ २९**
३.६.१ पृष्ठभूमि........ २९
३.६.२ समस्या तथा चूनौति........ २९
३.६.३ सोच........ २९
३.६.४ उद्देश्य........ ३०
३.६.५ रणनीति........ ३०
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ३०
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ३०
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ३१
३.६.९ जोखिम पक्ष तथा अनुमान........ ३१
**३.७ श्रम तथा रोजगारी........ ३१**
३.७.१ पृष्ठभूमि........ ३१
३.७.२ समस्या तथा चुनौति........ ३१
३.७.३ सोच........ ३२
३.७.४ उद्देश्य........ ३२
३.७.५ रणनीति........ ३२
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ३२
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ३२
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ३३
३.७.९ जोखिम पक्ष तथा अनुमान........ ३३
**३.८ गरिबी निवारण........ ३३**
३.८.१ पृष्ठभूमि........ ३३
३.८.२ समस्या तथा चुनौति........ ३३
३.८.३ सोच........ ३४

३.८.४ उद्देश्य ........................................................................................................................ ३४
३.८.५ रणनीति ........................................................................................................................ ३४
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ३४
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................ ३४
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ३५
३.८.९ जोखिम पक्ष तथा अनुमान ........................................................................................ ३५
**परिच्छेद चार : सामाजिक क्षेत्र** ........................................................................................ ३६
**४.१ शिक्षा, कला, भाषा तथा साहित्य** .................................................................................. ३६
४.१.१ पृष्ठभूमि ........................................................................................................................ ३६
४.१.२ समस्या तथा चुनौति ........................................................................................................ ३६
४.१.३ सोच ........................................................................................................................ ३६
४.१.४ उद्देश्य ........................................................................................................................ ३६
४.१.५ रणनीति ........................................................................................................................ ३७
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ३७
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................ ३७
४.१.९ अनुमान तथा जोखिम ........................................................................................ ३८
**४.२ स्वास्थ्य तथा पोषण** ........................................................................................................ ३८
४.२.१ पृष्ठभूमि ........................................................................................................................ ३८
४.२.२ समस्या तथा चुनौति ........................................................................................................ ३८
४.२.३ सोच ........................................................................................................................ ३९
४.२.४ उद्देश्य ........................................................................................................................ ३९
४.२.५ रणनीति ........................................................................................................................ ३९
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ३९
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................ ४०
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ४०
४.२.९ जोखिम पक्ष तथा अनुमान ........................................................................................ ४१
**४.३ खानेपानी तथा सरसरफाई** ........................................................................................ ४१
४.३.१ पृष्ठभूमि ........................................................................................................................ ४१
४.३.२ समस्या तथा चुनौति ........................................................................................................ ४१
४.३.३ सोच ........................................................................................................................ ४१
४.३.४ उद्देश्य ........................................................................................................................ ४१
४.३.५ रणनीति ........................................................................................................................ ४२
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ४२
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................ ४२
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ४२
४.३.९ जोखिम पक्ष तथा अनुमान ........................................................................................ ४३
**४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण** .................................................. ४३
४.४.१ पृष्ठभूमि ........................................................................................................................ ४३
४.४.२ समस्या तथा चुनौति ........................................................................................................ ४४
४.४.३ सोच ........................................................................................................................ ४४
४.४.४ उद्देश्य ........................................................................................................................ ४४
४.४.५ रणनीति ........................................................................................................................ ४४
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ४४
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................ ४५
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................ ४५
४.४.९ जोखिम पक्ष तथा अनुमान ........................................................................................ ४६

**४.५ युवा तथा खेलकुद** ........ ४६
४.५.१ पृष्ठभूमि ........ ४६
४.५.२ समस्या तथा चुनौति ........ ४६
४.५.३ सोच........ ४७
४.५.४ उद्देश्य........ ४७
४.५.५ रणनीति........ ४७
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४७
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ४७
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४८
४.५.९ जोखिम पक्ष तथा अनुमान........ ४८
**परिच्छेद पाँचः पूर्वाधार क्षेत्र** ........ ४९
**५.१ बस्ती विकास, आवास, भवन तथा शहरी विकास** ........ ४९
५.१.१ पृष्ठभूमि ........ ४९
५.१.२ समस्या तथा चुनौति ........ ४९
५.१.३ सोच ........ ४९
५.१.४ उद्देश्य........ ४९
५.१.५ रणनीति ........ ४९
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५०
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५०
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५०
५.१.९ जोखिम पक्ष तथा अनुमान........ ५०
**५.२ सडक, पुल तथा यातायात** ........ ५१
५.२.१ पृष्ठभूमि........ ५१
५.२.२ समस्या तथा चुनौति........ ५१
५.२.३ सोच ........ ५१
५.२.४ उद्देश्य ........ ५१
५.२.५ रणनीति ........ ५१
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५१
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५२
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ५२
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ५२
**५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक उर्जा** ........ ५३
५.३.१ पृष्ठभूमि ........ ५३
५.३.२ समस्या तथा चुनौति ........ ५३
५.३.३ सोच ........ ५३
५.३.४ उद्देश्य........ ५३
५.३.५ रणनीति ........ ५३
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५३
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५४
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५४
६.३.९ जोखिम पक्ष तथा अनुमान........ ५४
**५.४ सूचना, सञ्चार तथा प्रविधि** ........ ५५
५.४.१ पृष्ठभूमि ........ **ङ्चचद्दच! ख्द्दद्दण□कचण थद्द□ घङ्गद्दत्रथङ्गघ.**
५.४.२ समस्या तथा चुनौती ........ ५५
५४.३ सोच ........ ५५
५.४.४ उद्देश्य ........ ५५

५.४.५ रणनीति........................................................................................................................ ५५
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............................................................................... ५५
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......................................................................५६
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...................................................................................५६
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान..................................................................................................५६
**परिच्छेद ५ : वातावरण तथा विपद् व्यवस्थापन** ............................................................................. ५७
**६.१ वन, हरियाली तथा जैविक विविधता** ......................................................................................... ५७
६.१.१ पृष्ठभूमि ............................................................................................................................ ५७
६.१.२ समस्या तथा चुनौति .............................................................................................................. ५७
६.१.३ सोच ................................................................................................................................... ५७
६.१.४ उद्देश्य.................................................................................................................................. ५७
६.१.५ रणनीति .............................................................................................................................. ५७
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...................................................................................५८
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..................................................................५८
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...................................................................................५८
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान..................................................................................................५८
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन**..................................................................................... ५९
६.२.१ पृष्ठभूमि ............................................................................................................................. ५९
६.२.२ समस्या तथा चुनौति ............................................................................................................. ५९
६.२.३ सोच ................................................................................................................................... ५९
६.२.४ लक्ष्य र उद्देश्य ..................................................................................................................... ५९
६.२.५ रणनीति .............................................................................................................................. ५९
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................................................... ५९
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ................................................................... ६०
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.................................................................................... ६०
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ................................................................................................. ६०
**६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन** ...........................................................६१
६.३.१ पृष्ठभूमि ..............................................................................................................................६१
६.३.२ समस्या तथा चुनौति ..............................................................................................................६१
६.३.३ सोच ....................................................................................................................................६१
६.३.४ उद्देश्य...................................................................................................................................६१
६.३.५ रणनीति ...............................................................................................................................६१
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................६२
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...................................................................६२
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................................६२
६.३.९ जोखिम पक्ष तथा अनुमान.......................................................................................................६३
**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र** ..........................................................................**६४**
**७.१ नीति, कानून, न्याय तथा सुशासन** ............................................................................................ ६४
७.१.१ पृष्ठभूमि .............................................................................................................................. ६४
७.१.२ समस्या तथा चुनौति.............................................................................................................. ६४
७.१.३ सोच .................................................................................................................................... ६४
७.१.४ उद्देश्य.................................................................................................................................. ६४
७.१.५ रणनीति .............................................................................................................................. ६४
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................................................... ६४
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...................................................................६५
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................................६५

७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ....................................................................................६५
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह**......................................................................................६६
७.२.१ पृष्ठभूमि ......................................................................................................................६६
७.२.२ समस्या तथा चुनौति ........................................................................................................६६
७.२.३ सोँच ..........................................................................................................................६६
७.२.४ उद्देश्य.........................................................................................................................६६
७.२.५ रणनीति ......................................................................................................................६६
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......................................................................................६६
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..........................................................................६७
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.........................................................................................६७
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ....................................................................................................६७
**७.३ राजस्व तथा स्रोत परिचालन**.................................................................................................६७
७.३.१ पृष्ठभूमि ......................................................................................................................६७
७.३.२ समस्या तथा चुनौति ........................................................................................................ ६८
७.३.३ सोच ........................................................................................................................ ६८
७.३.४ उद्देश्य....................................................................................................................... ६८
७.३.५ रणनीति ..................................................................................................................... ६८
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..................................................................................... ६८
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..........................................................................६९
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.........................................................................................६९
७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान ....................................................................................................६९
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन**......................................................................................६९
७.४.१ पृष्ठभूमि ......................................................................................................................६९
७.४.२ समस्या तथा चुनौति ........................................................................................................ ७०
७.४.३ सोच.......................................................................................................................... ७०
७.४.४ उद्देश्य ....................................................................................................................... ७०
७.४.५ रणनीति...................................................................................................................... ७०
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................................................... ७०
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......................................................................... ७०
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................................७१
७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान....................................................................................................७१
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन.............................................................७२
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन .........................७३
अनुसूची ३ : तीन आव को खर्च तथा स्रोत अनुमान, कार्यक्रम आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण..........८०
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण................................................. ८३

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा यस गाउँपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श, गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानेर आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक ताँजाकोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरू समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूपविषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नकार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका ( Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका ( Medium Term Result Framework – MTRF) तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको

आँकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

ताँजाकोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरेको यो पहिलो प्रयास हो । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच ***"आर्थिक समृद्धि र सामाजिक सचेतनामा बृद्धि, पूर्वाधार विकास मार्फत् ताँजाकोटको समृद्धि ",***प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरूको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु।

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु।

(ग) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनु।

(घ) दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)

- कर्णाली प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८०/८१)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरू

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो। दिगो विकास लक्ष्य(SDGs)मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ।

नेपालमा चौधौं आवधिक विकास योजना देखि दिगो विकास लक्ष्य तथा यसका सूचकहरूले स्थान पाएपछि देशको आर्थिक, सामाजिक र पर्यावरणीय क्षेत्रमा दिगो विकास लक्ष्य तथा यसका सूचकहरूसँग सामन्जस्यता कायम गर्दै तहगत रुपमा आन्तरिकीकरण सुरु भएको हो । नेपाल सरकार तथा प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकासको लक्ष्यअनुसार सांकेतिकीकरण गर्ने गरिएको छ । केही वर्षयता मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकासको लक्ष्यलाई मूलप्रवाहीकरण गरी यसका सूचकको लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता दिने थालिएको पाईन्छ । दिगो विकास लक्ष्यलाई सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका योजनामा समावेश गर्न दिग्दर्शनहरू तयार भएका छन् जसबाट दिगो विकास लक्ष्य स्थानीय स्तरमा समेत आन्तरिकीकरण हुदै जाने अपेक्षा गरिएको छ।

कार्यक्रम र आयोजनाको निर्धारित लक्ष्य हासिल गर्न र कार्यान्वयनका दौरान देखिन सक्ने कमजोरीलाई समय सापेक्ष सुधार गर्न अनुगमन र मूल्याङ्कनको निर्धारित ढाँचा तयार पारी लागु गर्नुपर्ने हुन्छ । दिगो विकासको लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव नहुने भएकोले सरकारी, निजी, सहकारी र विकास साझेदारबीच सहकार्य गर्न जरुरी हुन्छ।

स्थानीय सरकारले पनि योजना तर्जुमा तथा आयोजना पहिचान र प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई ध्यानदिने अभ्यास क्रमिक रुपमा बढिरहेको छ । ताँजाकोट गाउँपालिकाले आफनो नीति कार्यक्रममा बेरोजगारी प्रतिशतलाई दिगो विकास लक्ष्यको सूचकअनुसार वार्षिक रुपमा कम गर्दै जाने लक्ष्य लिएको देखिन्छ।

गाउँपालिकाको चालु आर्थिक वर्षको प्रतिव्यक्ति आय ७०० अमेरिकी डलर रहेकोमा आगामी ३ वर्षमा प्रतिव्यक्ति आय वृद्धि गरी आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा प्रतिव्यक्ति औषत आय ८५० अमेरिकी डलर पुऱ्याउने लक्ष्य सहित मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । जुन दिगो विकास लक्ष्यको सूचकलाई आधार मानेर तयार गरिएको हो । उत्पादनशील उद्योग, निर्माण क्षेत्र, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरू देखिएका तथा प्राथमिकतामा राखिएका छन् । मध्यमकालीन खर्च संरचना तर्जुमा र

सो अनुरुप वार्षिक बजेट तर्जुमा गर्दा यस अधिका लक्ष्य प्राप्तिको समीक्षाका साथै दिगो विकास लक्ष्यका बढी भन्दा बढी सूचकहरूलाई कार्यान्वयन गर्ने कार्यक्रमहरू लागु गर्दै जानु अपरिहार्य भएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरूउपयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन तर्जुमा गरिएको छ :

चरण- १: तयारी चरण

*प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन*

यस गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न छनौट भएको प्राविधिक टोलीलाई परिचालन गरियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र योजना तथा क्षमता विकास सल्लाहकारको जिम्मेवारी स्पष्ट गरियो ।

*प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

गाउँपालिकासँग औपचारिक परिचय र मार्गनिर्देशनमा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवम् सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा नगरपालिकाका आवधिक योजनाहरू
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- ताँजाकोट गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

*प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लिखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको तयार गरियो । साथै, बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

चरण- २: लेखाजोखा चरण

*प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

हुम्ला जिल्लाको ताँजाकोट गाउँपालिकामा मिति २०८० बैशाख २० गते का दिन प्रमुख प्रशासकीय अधिकृत र सम्पूर्ण शाखा प्रमुखहरूको सहभागितामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, र संस्थागत व्यवस्थाको सम्बन्धमा छलफल गरी साझा बुझाई तयार गर्ने उद्देश्यले अभिमुखिकरण आयोजना गरियो । सोही कार्यशालाबाट प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन गरियो र कार्यपालिका पदाधिकारीहरूलाई पुनः मध्यमकालीन खर्च संरचनाका बारेमा अभिमुखिकरण गर्ने निर्णय गरियो । सोही अनुसार  मिति २०८० बैशाख २२ गते स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूको सहभागितामा मध्यमकालीन खर्च संरचना र योजना तर्जुमाका बारेमा अभिमुखिकरण तथा छलफल कार्यक्रम सम्पन्न गरियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुत गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालामा योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि विषयगत शाखाहरूलाई उप क्षेत्रगत योजना तयारीका लागि जानकारी गरियो र सोही अनुसार आवश्यक कार्य सम्पादन गरियो । कार्यदलको विवरण ***अनुसूची १*** मा प्रस्तुत गरिएको छ ।

*प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना*

विषयगत उप-क्षेत्रहरूको त्रिवर्षीय सोच, उद्देश्य, रणनीतिक योजना र बार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धी, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

*प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

स्थानीय तहको राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध रकमलाई विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका अनुसारका प्राथमिकता प्राप्त

आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई प्रमुख प्रशासकीय अधिकृतलाई क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

चरण - ३: तयारी चरण

*प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

*प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/एकाइलाई स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका योजना तथा क्षमता विकास सल्लाहकारबाट सहयोग तथा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा/शाखा/एकाइ उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

*प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्तावेज तयार गरियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांस समावेश गरिएको छ ।

*प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्देश्यले २०८० असार १ गते मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रति गाउँ कार्यपालिका कार्यालयमा हस्तान्तरण गरिएको थियो । मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरू प्रस्तुत गरी आवश्यक थप सूचना तथा तथ्याङ्क संकलनका साथै विषयगत क्षेत्र तथा उप-क्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरण तयार गरियो ।

*प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका शाखाहरूबाट प्राप्त सुझावहरू समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका सूचना तथा तथ्याङ्कहरू विभिन्न शाखाबाट संकलन गरी परिमार्जित दस्तावेज तयार गरियो ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

सङ्घीय संरचना अनुरुप अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपर्युक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको आवधिक योजना तयार गर्न आवश्यक छ ।

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपाली र प्रदेश सरकारले घोषणा गरेको समृद्ध कर्णाली : सुखारी कर्णालीबासी दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना,कर्णाली प्रदेश सरकार दीर्घकालीन योजना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आत्मसात् गर्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक बृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष (२०८०/८१-२०८२/८३) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले नेपाल सरकारले गरेको प्रतिवद्धता अनुसार दिगो विकासका १७ वटा लक्ष्य लाई स्थानीय तहबाट नै प्रभावकारीरुपमा कार्यान्वयन गराउने उद्देश्यका साथ विषयगत क्षेत्र, उप-क्षेत्रहरू र योजनाहरूको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकतामा नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक को कार्यान्वयन, दीगो विकास लक्ष्य, पन्ध्रौ योजना, कर्णाली प्रदेशको दीर्घकालीन योजना,  वार्षिक कार्यक्रम र योजनाको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, धार्मीक पर्यटन प्रवर्द्धन, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चुनौतिको रुपमा लिएको छ ।

यस गाउँपालिकालाई व्यवस्थित बजारीकरण, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि यस गाउँपालिकाको विकासको चुनौतीको रुपमा रहेका छन् । वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिबृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चुनौतिपूर्ण छ ।

संविधानको व्यवस्था अनुसार तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, अन्तरस्थानीय सरकारहरू बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरू हुन् । यस गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत् विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व बृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्न यस मध्यमकालीन खर्च संरचना उत्प्रेरित गरेको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयार गर्दा ताँजाकोट गाउँपालिकाको दीर्घकालीन सोच, गाउँपालिकाका प्राप्त उपलब्धीहरू, वार्षिक र आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । गाउँपालिका विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आयोजनामा उल्लेख नभएका विवरण गाउँपालिकाको समावेशी स्थानीय आर्थिक विकास योजना र अन्य क्षेत्रगत रणनीतिक योजनाहरूका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, कर्णाली प्रदेश सरकारका दीर्घकालीन योजना एवं संघ, प्रदेश र गाउँपालिकाका विषयगत नीतिको समेत उपयोग गरिएको छ । मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

***" आर्थिक समृद्धि र सामाजिक सचेतनामा बृद्धि, पूर्वाधार विकास मार्फत् ताँजाकोटको समृद्धि "***

### २.३.२ गाउँपालिका विकासको लक्ष्य

गाउँपालिकाको दीर्घकालीन सोचको आधारमा गाउँपालिकाको विकासको लक्ष्य देहायअनुसार छन् :

१. कृषि, शिक्षा, स्वास्थ, जीविकोपार्जनको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्ने, दीगो, वातावरणमैत्री पूर्वाधार विकास मार्फत् सुगम, आत्मनिर्भर गाउँपालिका विकास गर्ने ।

२.सार्वजनिक प्रशासनलाई संस्थागत विकास मार्फत चुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई प्रभावकारी सेवा प्रवाह गर्ने ।
३. लैङ्गिक, जातीय, वर्गीय तथा सामाजिक बहिष्करणमा परेका समुदायको मूल प्रवाहीकरण गर्ने ।
४. दिगो विकासका लागि सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने ।
५. विज्ञान, प्रविधि, र सूचना तथा सञ्चार क्षेत्रको उच्चतम् उपयोग गर्ने ।
६. व्यावसायिक तथा प्राविधिक शिक्षा मार्फत् स्वःरोजगारी सृजना गर्ने ।
७. जनशक्ति विकास, ज्ञान तथा प्रविधिमा आधारित अर्थतन्त्रको विकासगर्ने ।
८. सन्तुलित पर्यावरण तथा समावेशी र उत्थानशील पूर्वाधार विकास गर्ने ।

### २.३.३ गाउँपालिका विकासको उद्देश्य

१. गाउँपालिकामा कृषि उत्पादनलाई जोड दिने, रैथाने बाली, नश्लको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धनमा जोड दिने ।
२. आर्थिक अवसरहरूलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रता दिनु ।
३. भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै सेवा तथा सुविधामा गाउँपालिकाबासीको सहज पहुँच स्थापित गर्नु ।
४. गाउँपालिकाको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी ताँजाकोट गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु ।
५. गाउँपालिकाबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी गाउँपालिकालाई एक सुसंस्कृत गाउँपालिकाका रूपमा स्थापित गर्नु ।
६. गाउँपालिकाको विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानूनको तर्जुमा, संस्थागत संरचनाको निर्माण र दक्ष मानव संसाधन मार्फत् सुशासन प्रत्याभूति गर्नु ।
७. गाउँपालिका क्षेत्रको सन्तुलित तथा समन्यायिक विकास गर्नु ।

### २.३.४ गाउँपालिका विकासको रणनीति

गाउँपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहाय अनुसारका प्रमुख रणनीतिहरू अवलम्बन गरिएका छन् :

१. समावेशी र सन्तुलित विकास अभ्यासलाई प्रवर्द्धन गर्ने ।
२. स्थानीय स्रोत साधन को अधिकतम् प्रयोग र व्यवस्थापन गर्ने ।
३. दिगो विकास, फोहोरमैलाको समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नवीनतम् प्रविधिको प्रयोगका लागि निजी, सार्वजनिक साझेदारीको गर्ने ।
४. उन्नत बीऊ बिजन र आधुनिक कृषि प्रविधिको उच्चतम् प्रयोगबाट आधुनिक कृषि प्रणाली तथा पशुपालन व्यवसाय प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
५. सहकारी औद्योगीकरण मार्फत् गाउँपालिकाको सामाजिक आर्थिक रुपान्तरण गरी आत्मनिर्भर, दिगो, स्वतन्त्र, उन्नतशील र फराकिलो अर्थतन्त्र निर्माण गर्ने र धार्मिक पर्यटन प्रवर्द्धनको माध्यमबाट आर्थिक सम्मृद्धि हासिल गर्ने ।
६. सामाजिक समावेशीताका आधारमा समुदायमा रहेका विपन्न र सिमान्तकृत समुदायका व्यक्तिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा सशक्तिकरण मार्फत् आत्मनिर्भर बनाईने ।

७. सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउदै नागकिलाई सूचना, सेवा र अवसरमा विभेदरहित पँहुच अभिवृद्धि गर्न अधिकतम् रुपमा विद्युतीय सूचना प्रणाली (E–Governance) र गाउँपालिकालाई डिजिटलाईज गर्ने ।
८. प्रकृतिमा आधारित विकास निर्माण अभ्यास मार्फत् विपद् उत्थानशील पूर्वाधारको विकास गर्ने ।
९. स्व:रोजगार सृजना, सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी, उत्पादनशील प्राविधिक शिक्षालय स्थापना र प्रवर्द्धन गर्ने ।
१०. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने ।
११. अन्तर-सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिकबीच अर्थपूर्ण समन्वय, साझेदारी र सहकार्यको अभिवृद्धि गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प, कर्णाली प्रदेश सरकार "समृद्ध कर्णाली र सुखारी कर्णालीबासी" को कर्णाली प्रदेश स्तरीय सोच तथा संकल्प र ताँजाकोट गाउँपालिकाको "कोख देखि शोक सम्मको सबै ग्यारेन्टी" भन्ने विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | गाउँपालिकाको कुल वार्षिक उत्पादन/आय | रु. लाखमा | १२१४७ | १३१४७ | १४२८७ | १५२०३ |
| १.१ | कृषि क्षेत्रको उत्पादन/आय | रु. लाखमा | २१३८ | २५९० | ३२०८ | ३६७२ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्रको उत्पादन/आय | रु. लाखमा | ६६ | ७६ | ८० | ८७ |
| १.३ | सार्वजनिक क्षेत्रको उत्पादन/आय | रु. लाखमा | ७६५ | ८१३ | ८७९ | ९०१ |
| २. | वार्षिक औषत पारिवारिक आय | ने.रु. | ४१०३४९ | ४२०३४५ | ४७०९८४ | ५५४६८७ |
| ३. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | १३६ | १६९ | १७८ | १८५ |
| ४. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४७ | ५० | ५४ | ५९ |
| ५. | प्रतिव्यक्ति वार्षिक औसत आय | USडलरमा | ६७९ | ७४३ | ८७० | ९१५ |
| ६. | प्रति व्यक्ति वार्षिक औसत आय | ने.रु. | ८४३०० | ९०८५४ | ९६५३९ | १०३४६७ |
| ७. | बेरोजगारी दर | प्रतिशत | ५५ | ५० | ४३ | ३१ |

*स्रोत: विषयगत शाखा विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना तथा गाउँपालिकाको वर्तमान आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा

आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | ०७९/८० को अवस्था | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | १६५ | १६८ | १७३ | १७५ |
| २ | आफ्नो आयको दुई तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ३० | २० | १५ | १० |
| ३ | आफ्नो उत्पादन र वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ३० | ३३ | ३५ | ४० |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षेभरी सिचाइ सुविधा उपलब्ध जमिन | प्रतिशत | ३५ | ३८ | ४० | ४२ |
| ५ | साक्षरता दर | प्रतिशत | ६५ | ७० | ७५ | ८० |
| ६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ८५ | ९० | ९५ | १०० |
| ७ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ९७ | ९८ | ९९ | १०० |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | १०० | १०० | १०० | १०० |
| १० | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ३० | ४० | ५० | ६० |
| ११ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ३१ | ३२ | ३५ | ३६ |
| १२ | भवन संहिता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५ | १० | १५ | २० |
| १३ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४५ | ५० | ५५ | ६० |
| १४ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ३० | ४० | ५० | ६० |
| १५ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ५ | १० | ४० | ६० |
| १६ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | २.३३ | ५ | ८ | १० |
| १७ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिपोर्टिङ गर्ने वडाहरू | संख्या | ४ | ५ | ५ | ५ |
| १८ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ४५ | ५५ | ६५ | ७५ |
| १९ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | ३० | ४० | ५० | ६० |

*स्रोतः विषयगत शाखा विवरण प्रतिवेदन*

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ । गाउँपालिका को प्रथम प्रयासको तयार यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ ।

यस गाउँपालिकाको चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका नभएकाले सालबसाली का कार्यक्रम तथा आयोजनाहरूको बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको

विगत प्रवृत्ति, कोभिड १९ महामारी पछिको अवस्था, रुस युक्रेन युद्धले निम्त्याएको समस्या र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ ।

चालु आर्थिक वर्ष २०७९/८० को बजेट राजस्व तथा विनियोजन र बैशाख मसान्त सम्मको उपलब्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा व्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिका सम्भावित लक्ष्य, कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिका लाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लिखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ आ.व.को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| क. | आय | ६६००० | ७०००० | ७२६०० | २८४२२२ | २९४२९१ | ३११९४८ | ८९०४६१ |
| १ | आन्तरिक आय | २५७५० | ४१०१ | ७०५०६ | ० | ० | ० | ० |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | १३५३०८ | २२४१५ | १४८२३७ | ५३०४१ | ५३१४७ | ५३३०७ | १५९४९६ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | १३५३०८ | ४० | १०९९१३ | ५२८४५ | ५२९५१ | ५३११० | १५८९०५ |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | ० | २२३७५ | ३८३२४ | १९६ | १९७ | १९८ | ५९१ |
| ३ | रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | ० | ७३२ | ४०० | ० | ० | ० | ० |
| | *वन रोयल्टी* | ० | ३४२ | ० | ० | ० | ० | ० |
| | *खानी तथा खनिज रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| | *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| | *विद्युत रोयल्टी* | ० | ३९० | ४०० | ० | ० | ० | ० |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | १४५८११ | २६५४९६ | २०७८१५ | १८५८०० | १९०४५८ | १९७४०५ | ५७३६६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *वित्तीय समानीकरण अनुदान* | ६६००० | १६२३०० | ६२४२ | ६९२०० | ७१२७६ | ७४१२७ | २१४६०३ |
| | *सशर्त अनुदान* | ७९८११ | १०१४३३ | १५७९४७ | १०१६०० | १०३६३२ | १०६७४१ | ३११९७३ |
| | *समपुरक अनुदान* | ० | १७६३ | १२५२६ | ५००० | ५१५० | ५३०५ | १५४५५ |
| | *विशेष अनुदान* | ० | ० | ३११०० | १०००० | १०४०० | ११२३२ | ३१६३२ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | १७६९४ | ३४०४२ | ७९१०२ | ४५३८१ | ५०६८५ | ५०५६७ | १४६६३४ |
| | *वित्तीय समानीकरण अनुदान* | ४१९४ | ६२४२ | ६२४२ | ६२४१ | ६६१५ | ७०१२ | १९८६९ |
| | *सशर्त अनुदान* | १३५०० | ९३०० | ६२८६० | ३९१४० | ४१८८० | ४३५५५ | १२४५७५ |
| | *समपुरक अनुदान* | ० | १५००० | १०००० | ० | ८०० | ० | ८०० |
| | *विशेष अनुदान* | ० | ३५०० | ० | ० | १३९० | ० | १३९० |
| ६ | **अन्य अनुदान** | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | | ० | ० | ० | ० | ० | ० |
| ९ | **आन्तरिक ऋण** | ० | ० | २०००० | ० | ० | ० | ० |
| १० | **मौज्दात रकम** | २७८०० | २१२३६५ | १९२६८२ | ० | ० | ० | ० |
| **ख.** | **जम्मा खर्च** | ६१७६५२ | ६७७४८३ | १३६०६८५ | ० | ० | ० | ० |
| १ | चालु खर्च | ३१४५७५ | ४६१५८७ | ६७६४४७ | | | | |
| २ | पुँजीगत खर्च | ३०३०७७ | २१५८९६ | ६८४२३८ | | | | |
| ४ | वित्तीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | ० | ० | | | | | ० |
| **ग.** | **वचत (-) न्यून (+)** | ५५१६५२ | २२३६६० | -१९१०५९ | | | | ० |

आय संरचनाको सारांश

| **क.सं.** | **बजेटका स्रोतहरु** | **२०७७/७८ को यथार्थ** | **२०७८/७९ को यथार्थ** | **२०७९/८० को प्रस्तावित** | **प्रक्षेपण** | | | **३ वर्षको प्रक्षेपण जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | |
| १ | आन्तरिक स्रोत | १८८८५८ | २३९६१३ | ४११८२५ | ५३०४१ | ५३१४७ | ५३३०७ | १५९४९६ |
| २ | नेपाल सरकारको स्रोत | १४५८११ | २६५४९६ | २०७८१५ | १८५८०० | १९०४५८ | १९७४०५ | ५७३६६३ |
| ३ | प्रदेश सरकारबाट प्राप्त स्रोत | १७६९४ | ३४०४२ | ७९१०२ | ४५३८१ | ५०६८५ | ५०५६७ | १४६६३४ |
| ४ | ऋण तथा अन्य स्रोत | ० | ० | २०००० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | ३५२३६३ | ५३९१५१ | ७१८७४२ | २८४२२२ | २९४२९१ | ३०१२७९ | ८७९७९२ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

**क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| P1 | ३१ | २७४७३७ | ४५ | ३०१८२७ | ४५ | ३३१७८० | ४५ |
| P2 | १० | ३४०९१७ | ५५ | ३७४५५० | ५५ | ४११५९७ | ५५ |
| | ४१ | ६१५६५४ | १०० | ६७६३७७ | १०० | ७४३३७७ | १०० |

**ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरू | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २ | १५३९ | ०% | १६९१ | ०% | १८५८ | ०% |
| २ | शुन्य भोकमरी | ८ | २१५४७ | ३% | २३६७४ | ४% | २६०१८ | ३% |
| ३ | स्वस्थ्य जीवन | १ | ६१५६५ | १०% | ६७६३८ | १०% | ७४३३८ | १०% |
| ४ | गुणस्तरीय शिक्षा | ५ | १४७७५७ | २४% | १६२३३०.१ | २४% | १७८४११ | २४% |
| ५ | लैङ्गिक समानता | ४ | ८३३५ | १% | ९१४६ | १% | १००५१ | १% |
| ६ | सफा पानी र स्वच्छता | १ | ४६५७ | १% | ५१२१ | १% | ५७३४ | १% |
| ७ | आधुनिक उर्जामा पहुँच | ५ | ८३११ | १% | ९१२८ | १% | १००३५ | १% |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | २ | १०७७४ | २% | ११८३७ | २% | १३००९ | २% |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २ | ८४९६० | १४% | ९३३४० | १४% | १०२५८६ | १४% |
| १० | असमानता न्यूनीकरण | २ | ९०० | ०% | १००० | ०% | ११०० | ०% |
| ११ | दिगो शहर र समुदाय | १ | १२३१३१ | २०% | १३५२७५ | २०% | १४८६७५ | २०% |
| १२ | दिगो उपभोग र उत्पादन | १ | १५०० | ०% | १६४३ | ०% | १७०० | ०% |
| १३ | जलवायु परिवर्तन अनुकूलन | २ | १५३९२ | ३% | १६९१० | ३% | १८५८५ | ३% |
| १४ | जलमुनिको जीवन | ० | | ०% | | ०% | | ०% |

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरू | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १५ | जमीन माथिको जीवन | १ | ७६९६ | १% | ८४५५ | १% | ९२९२ | १% |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | २ | ११३२८१ | १८% | १२४४५४ | १८% | १३६७८२ | १८% |
| १७ | लक्ष्य प्राप्तिका लागि साझेदारी | २ | ४३०९ | १% | ४७३५ | १% | ५२०३ | १% |
| | जम्मा | ४१ | ६१५६५४ | १००% | ६७६३७७१०% | १००% | ७४३३७७ | १००% |

### घ. लैङ्गिक संकेतको आधारमा बाँडफाँट

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| लैङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्ययअनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १३ | ७२३१४ | ३% | ७९३१५.१ | ३% | ८६९७१ | ३% |
| सहयोगी | १८ | ३१७३८६ | ११% | ३४८८४१ | ११% | ३८३५५३ | ११% |
| तटस्थ | १० | २४६२६१६ | ८६% | २७०५५०८ | ८६% | २९७३५०९ | ८६% |
| जम्मा | ४१ | २८५२३१६ | १००% | ३१३३६६४ | १००% | ३४४४०३३ | १००% |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| लैङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को व्यय अनुमान | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्तै. सान्दर्भिक | ८ | ५९३९३ | १०% | ६५३१४ | १०% | ७१७५१ | १०% |
| सान्दर्भिक | १९ | १५८२३३ | २६% | १७३७९९ | २६% | १९१००० | २६% |
| तटस्थ | १४ | ३९८०२८ | ६५% | ४३७२६४ | ६५% | ४८०६२६ | ६५% |
| **जम्मा** | ४१ | ६१५६५४ | १००% | ६७६३७७ | १००% | ७४३३७७ | १००% |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ । विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तल प्रस्तुत तालिकामा प्रस्तुत गरिएको छ ।

| उप-क्षेत्र | २०८०/८१ को व्यय अनुमान | | | २०८१/८२ को खर्च प्रक्षेपण | | | २०८२/८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| कृषि तथा खाद्य सुरक्षा | ४५० | २९३ | १५८ | ४६० | २९९ | १६१ | ४७० | ३०६ | १६५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सिंचाई | २३८ | ४८ | १९० | २४६ | ४९ | १९७ | २६७ | ५३ | २१४ |
| पशु सेवा | ४५० | ३६० | ९० | ४६५ | ३७२ | ९३ | ४७८ | ३८२ | ९६ |
| उद्योग, व्यापार व्यवसाय | १२५० | ८७५ | ३७५ | १३२० | ९२४ | ३९६ | १३६० | ९५२ | ४०८ |
| पर्यटन तथा संस्कृति | १२५० | ३७५ | ८७५ | १२६० | ३७८ | ८८२ | १२७० | ३८१ | ८८९ |
| भूमि व्यवस्था, सहकारी, वित्त | २५० | २०० | ५० | २७० | २१६ | ५४ | २८० | २२४ | ५६ |
| श्रम, रोजगारी, गरिबी निवारण | ४५० | २२५ | २२५ | ४७० | २३५ | २३५ | ४८० | २४० | २४० |
| शिक्षा, कला, भाषा साहित्य | २२५०० | १९१२५ | ३३७५ | २३३०० | १९८०५ | ३४९५ | २४१०० | २०४८५ | ३६१५ |
| स्वास्थ्य तथा पोषण | ४५०० | ३८२५ | ६७५ | ४७०० | ३९९५ | ७०५ | ४९०० | ४१६५ | ७३५ |
| खानेपानी तथा सरसफाई | ५३३४ | १०६७ | ४२६७ | ५५४६ | ११०९ | ४४३७ | ५६९८ | ११४० | ४५५८ |
| महिला बालिका समावेशी | ८७५० | ७४३८ | १३१३ | ९०८७ | ७७२४ | १३६३ | ९९६९ | ८४७४ | १४९५ |
| युवा, खेलकुद तथा नवप्रवर्तन | १२०० | ६०० | ६०० | १३९० | ६९५ | ६९५ | १४५० | ७२५ | ७२५ |
| बस्ती आवास, भवन शहरी | २३३४ | ११७ | २२१७ | २४८९ | १२४ | २३६५ | २५४८ | १२७ | २४२१ |
| सडक तथा यातायात | २३३४ | ७० | २२६४ | २४३५ | ७३ | २३६२ | २५४६ | ७६ | २४७० |
| जलश्रोत विद्युत् बैंक ऊर्जा | २३३४ | ११७ | २२१७ | २४३६ | १२२ | २३१४ | २५४९ | १२७ | २४२२ |
| सूचना, सञ्चार तथा प्रविधि | १५०० | १५० | १३५० | १६५८ | २४९ | १४०९ | १७८० | २६७ | १५१३ |
| वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | ८३३३ | ८३३ | ७५०० | ८७९० | ८७९ | ७९११ | ९०७८ | ९०८ | ८१७० |
| वातावरण फोहोरमैला व्यवस्थ | ८३३ | ४१७ | ४१७ | ८७६ | ४३८ | ४३८ | ९०७ | ४५४ | ४५४ |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन | ८३३ | ३३३ | ५०० | ९०८ | ३६३ | ५४५ | १०८९ | ४३६ | ६५३ |
| नीति, कानून, न्याय सुशासन | १२०० | ११०३ | ९७ | १३०४ | १२३९ | ६५ | १४०९ | १३३९ | ७० |
| संगठन, संशाधन र क्षमता वि | २५०० | २३५० | १५० | २६७० | २६०० | ७० | २७८९ | २५१० | २७९ |
| राजस्व परिचालन | ३३४ | ३०१ | ३३ | ३४६ | ३११ | ३५ | ४१२ | ३७१ | ४१ |
| तथ्याङ्क योजना विकास परि. | ३३४ | २६७ | ६७ | ३६९ | २९५ | ७४ | ३९८ | ३१८ | ८० |
| कुल जम्मा | ५८२५० | ४०४८७ | २९००४ | ६२४९७ | ४२४९५ | ३०३०० | ६५४५१ | ४४४६० | ३१७६७ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

यस ताँजाकोट गाउँपालिकाको समग्र जनसंख्याको करिब ६६ प्रतिशतले वैकल्पिक जीविकोपार्जनका लागि कृषिमा निर्भर हुनुपर्ने अवस्था रहेको भएतापनि आम नागरिकले परम्परागत कृषि प्रणालीलाई अवलम्बन गर्ने गरेको हुँदा कृषि क्षेत्रबाट उत्पादनमुखी र नाफामुखी कार्यगर्न गाह्रो पर्ने देखिन्छ । सुख्खा जमिन, जंगल टाढा भएको कारण पशुपालनमा प्रगतिमूलक कार्य हुन नसक्नु जस्ता समस्याले गर्दा र ताँजाकोट आफैमा हिमाली क्षेत्रमा पर्ने गाउँपालिका भएको कारण कहिले हिउँ परेर त कहिले उपयुक्त पानी नपर्दा सिँचाईको अभावले प्राय स्थानमा सुख्खा खडेरीले खाद्यान्न उत्पादनमा प्रतिकुल प्रभाव पर्ने गरेको छ । गत सालको लगातारको झरीले पनि यो क्षेत्रको कृषि उपज, पशुपालनमा व्यापक क्षति गरेको अवस्था छ ।

यो गाउँपालिका विगतमा अन्न भण्डारको रुपमा चिनिन्थ्यो । ताँजाकोट वरिपरिका गाउँहरु साथै छिमेकी मुगु र बाजुरासमेतबमा यहाँबाट खाद्यान्न निर्यात हुने गर्थ्यो । संयुक्त राष्ट्र संघले सन् २०२३ लाई विश्व कोदो वर्षको रुपमा मनाउँदै गरेको सन्दर्भमा यो गाउँपालिका कोदो बालीमा प्रख्यात भएकोले यस गाउँपालिकाकाको कोदो जातका बालीको झन् महत्व बढेको छ । अर्गानिक कोदो, चिनो, काँगुनो यस गाउँपालिकाबाट वर्षेनी काठमाडौं लगायतका शहरमा निर्यात हुने गरेको छ । खाद्यान्न बालीमा कोदो, धान, गहुँ, चिनो, दलहनमा सिमी, मास, भटमास, तरकारीमा आलु, प्याज, फर्सी, टमाटर, फलफूलमा स्याउ, कागती, केरा, ओखर, आरु, चुली, खुर्पानी र मसला बालीमा बेसार, धनियाँ, लसुन आदि यस क्षेत्रमा उत्पादन हुने कृषि उपभोग्य वस्तुहरु हुन् । हुम्ला जिल्ला सदरमुकाम सिमकोटबाट ४८ कोष (१४७.६) किलोमिटर टाढा हुम्ला जिल्लाको दक्षिण पश्चिममा बाजुरा र मुगुको सिमानामा अवस्थित छ । यो गाउँपालिका विगतमा अन्न भण्डारको रुपमा चित्रित थियो । हुम्ला जिल्लाको तराईको रुपमा परिचित यो जिल्ला स्थित ऐतिहासिक, प्राकृतिक स्रोत तथा धार्मिक सांस्कृतिक सम्पदा, रैथाने बाली, कृषि उपज, रोजगारी सृजनाका क्षेत्रमा सम्भावनायुक्त गाउँपालिका हो ।

### ३.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकाका अधिकांश घर परिवारहरु कृषि पेशामा आधारित भएतापनि कृषिको प्रकृति व्यावसायिक नभै निर्वाहमुखी हुनु, किसानहरुमा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास नहुनु, वर्षेनी ऊर्जाशील युवा जनशक्तिको विदेश पलायन हुनु, जग्गा बाँझो राख्ने प्रवृत्तिमा बृद्धि हुनु, भूमि व्यवस्थापनको सही योजना हुन नसक्नु, कृषिजन्य उत्पादनका आधारभूत सामग्रीको सहज र पर्याप्त आपूर्ति नहुनु, कृषि हिमाली क्षेत्र र जलवायु परिवर्तनको नकारात्मक प्रभावले कृषि क्षेत्रमा आशातित उपलब्धी हासिल गर्न चुनौतिपुर्ण रहेको छ । स्थानीय बालीनालीले महत्व नपाउनु र स्थानीय खानेकुराको उपयोगमा सोचे अनुसार प्रगति हुन नसक्नु बजार केन्द्रित बसाईसराईका कारण उच्च जनसंख्या वृद्धिदर, बजार क्षेत्रमा घना बस्ती, बजार क्षेत्रमा खेतीयोग्य जग्गाको खण्डीकरण गरी आवास निर्माण तथा गाँउस्तरमा जग्गाको बढ्दो बाँझोको कारणले गर्दा कृषि उत्पादनमा कमी, साना खण्डित र भू-उपयोगको अवस्था, उत्पादनमा विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन सकेको छैन। उत्पादनका सामग्रीहरूको पर्याप्त आपूर्ति नहुनु, उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरी राख्न पर्याप्त चिस्यान केन्द्रको कमी रहेको छ । महँगो हवाई यातायात र लामो दूरीका यातायातबाट ढुवानी गर्दा स्थानीय उत्पादन बिग्रने र उचित मूल्य नपाउनु प्रमुख चुनौति रहेका छन् । कृषि उपजको उत्पादन मूल्य

र उपभोक्ता मूल्यबीच अन्तर उच्च रहने गरेको छ। यसका लागि स्थानीय सरकारबाट स्थानीय उत्पादित कृषिजन्य उत्पादनहरूको संकलन, भण्डारण र बजारीकरणको व्यवस्थित अभ्यासमा कमी रहेको छ।

### ३.१.३ सोच

"रैथाने बालीको संरक्षण गर्दै कृषिमा आत्मनिर्भर ताँजाकोट।"

### ३.१.४ उद्देश्य

१. आधुनिक कृषि प्रणाली मार्फत अर्गानिक कृषिउपज उत्पादनमा लाई व्यावसायीकरण गर्नु,
२. कृषि उपजहरूको संकलन, भण्डार र बजारीकरण गरी उचित मूल्य कायम गर्नु,
३. पुराना रैथाने बालीको संरक्षण र उत्पादनमा विविधिकरण गर्ने
४. अध्ययन अनुसन्धानका आधारमा रैथाने कृषि उपजको संरक्षण, सम्वर्द्धन र व्यावसायीकरण गर्नु।

### ३.१.५ रणनीति

१. सामूहिक खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने।
२. कृषिमा प्रदान गरिने अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने,
३. तीनै तहका सरकारहरु र निजी क्षेत्रको समेत सहकार्यमा कृषिउपज संकलन, भण्डारण र प्रशोधनका लागि कृषि पूर्वाधारको विकासलाई तीव्रता दिने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | गत आ.व.०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व.०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८२/८३ | ०८३/८४ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | १६२ | १६५ | १६८ | १७३ | १७५ |
| आफ्नो आयको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | ३५ | ३० | २५ | २० | १५ |
| सानास्तरका खाद्य उत्पादकको औसत आय | रु हजार | ५० | ६० | ७० | ८० | ९० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ५० | ६० | ७० | ८० | ९० |
| कुल कृषिभूमि मध्ये खेती गरिएको भूमि | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | १०० |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरूको माग | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| स्याउ उत्पादन | क्वीन्टल | १००० | ११०० | १२०० | १३०० | १४०० |
| सिमी उत्पादन | क्वीन्टल | ५० | ६० | ७० | ८० | ९० |
| कोदो उत्पादन | क्वीन्टल | १००० | १५०० | २००० | २५०० | ३००० |
| गहुँ उत्पादन | क्वीन्टल | ११०० | १२०० | १३०० | १४०० | १५०० |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५० | २९३ | १५८ | ० | ० | ४५० | ० | ० |
| २०८१/८२ | ४६० | २९९ | १६१ | ० | ० | ४६० | ० | ० |
| २०८२/८३ | ४७० | ३०६ | १६५ | ० | ० | ४७० | ० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्याउ ओखर साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | स्याउ र ओखरको क्षेत्र विस्तार गरी व्यावसायिकरण गर्नु । | सालबसाली | १८०० | २० हेक्टरमा स्याउ र ओखरको क्षेत्र विस्तार गरी १५० जनालाई व्यावसायिक रुपमा स्याउ र ओखर खेती विस्तार भएको हुनेछ । |
| २ | किसान सूचीकरण कार्यक्रम | किसानको पहिचान गरी प्रमाणपत्र दिने । | सालबसाली | १५० | २५० जना किसान सूचीकृत गरी किसान परिचयपत्र वितरण भएको हुनेछ । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

स्थानीय सरकारको वार्षिक नीति, योजना तथा कार्यक्रम बीच सामञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । गाउँपालिकाको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ । बेरोजगार युवाहरू कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । यसैगरी अधिक वर्षा, जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

यो गाउँपालिका उच्च हिमाली जिल्लामा स्थित भए पनि ताँजाकोट गाउँपालिकाका केही वडामा सिंचाई योग्य जमीन रहेका छन् । गाउँपालिकामा कवाडी नदी, स्याली खोला सिंचाईका लागि मुख्य स्रोत हुन् । भिरालो जग्गा भएका ठाँउहरूमा हिँउ पोखरीबाट सञ्चित पानीबाट सिंचाई गर्ने अभ्यास गरिएको छ । गाउँपालिकाका कुल ६० प्रतिशत जमीनमा सिंचाईको सुविधा उपलब्ध रहेको छ । सिंचाई सुविधा विस्तारका लागि सबै तहका सरकारहरूको साथ तथा सहयोग हुँदै आएको छ ।

### ३.२.२ समस्या तथा चुनौति

यस गाउँपालिकाका विभिन्न समुदायमा बसोबास गर्ने आम नागरिकहरुले सानो आकारमा परम्परागत तरिकाले खेतीपाती गर्ने र अर्कोतर्फ यस क्षेत्रमा विभिन्न समयमा हुने जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपका कारण अनुकूल कृषि प्रणाली लागू गरी अगाडि बढ्नका लागि लामो समयसम्म लड्न सक्ने क्षमताको विकास गर्नु र वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित निर्माण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहोरो भू-स्वामित्वको स्थिति र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित कृषि भूमिलाई उपयोगमा ल्याउनुपर्ने चुनौती हाम्रो सामु देखा परेको छ । स्थानीय बालीनालीले महत्व नपाउनु र स्थानीय खानेकुराको उपयोगमा सोचे अनुसार प्रगति हुन नसक्नु अर्को चुनौती हो । बरु आयातीत कमसल गुणस्तरको चामल, मैदा उपभोग गर्ने, उच्च फाईबरयुक्त चिनो, काँगुनो कुखुरालाई दानाको रुपमा प्रयोग गर्ने र न्यून मूल्यमा बिक्री गर्ने, त्यस्तै कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरुको पहुँचमा बृद्धि र कृषिजन्य वस्तुहरुको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावकारी बनाउनु, गुणस्तर एवम् स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्नु, गुणस्तरीय बीउ, मलखाद, कीटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनु र कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक गर्नु पनि चुनौतीपूर्ण छ । सबैभन्दा महत्वपूर्ण कुरा त स्थानीय परम्परागत बालीको उत्पादन गरी स्थानीय तथा राष्ट्रिय क्षेत्रमा बजारीकरण गर्न सक्नु नै प्रमुख चुनौती रहेको छ । यस क्षेत्रको भिरालो जमिनमा उचित सिंचाई सुविधाको कमी रहेको छ । सिंचाई सुविधाको न्यायोचित वितरण तथा सहज उपलब्धताको कमी रहेको छ । सिंचाई आयोजनाको दिगो उपयोग, मर्मत सम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ । समथर फाँट भन्दा माथिको सुख्खा क्षेत्रमा सिंचाई सुविधाका लागि वैकल्पिक सिंचाई सुविधाको व्यवस्था हुन सकेको छैन ।

### ३.२.३ सोच

" कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा "

### ३.२.४ उद्देश्य

१. सिञ्चित क्षेत्र बृद्धि गर्नुका साथै यसको बहुउद्देश्यीय उपयोगमा जोड दिनु ।

२. गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा दिगो सिंचाई व्यवस्थापनमा योगदान दिनु ।

३. सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता बढाउन सुविधाको पहुँच नभएका भिरालो क्षेत्रमा हिउपोखरी संकलन सिंचाई सुनिश्चित गर्नु ।

### ३.२.५ रणनीति

१. बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउनका लागि सतह सिँचाई आयोजनाहरुलाई अगाडि बढाउने ।

२. निर्माण सम्पन्न भईसकेका सिँचाई प्रणालीहरुको मर्मत सम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७५ |
| बाह्रै महिना सञ्चालनमा रहेका सिंचाई आयोजना | संख्या | १ | २ | २ | ३ | ४ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २३८ | ४८ | १९० | ० | १३ | १३६ | ८९ | ० |
| २०८१/८२ | २४६ | ४९ | १९७ | ० | १६ | १३६ | ९४ | ० |
| २०८२/८३ | २६७ | ५३ | २१४ | ० | १९ | १२२ | १२६ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | वर्षभरि सिंचाई सुविधा विकास र विस्तार गर्नु । | सालवसाली | ५२९ | कुल खेति योग्य जमिनको ड ८० % क्षेत्रमा सिंचाई सुविधा विस्तार हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको वार्षिक नीति, बजेटमा सिंचाई प्रवर्द्धनका लागि बजेटको व्यवस्था सुनिश्चित भई समयमा आयोजना सम्पन्न भएका हुनेछ । संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्यमा विकास हुनेछ । प्रविधि तथा नविनतम् खोज तथा विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३ पशु सेवा

### ३.३.१ पृष्ठभूमि

यहाँ लगानी पश्चात् विभिन्न कृषि तथा पशुपंछी पालन व्यवसायलाई संचालनमा ल्याई न्यून आय भएका कृषकहरूको जीवनस्तर सुधारमा टेवा पुग्ने देखिन्छ । बदलिँदो आहार व्यवहार र बढ्दो पौष्टिक खाद्य प्रदार्थहरूको उपभोग आदि कारणले पशुजन्य पदार्थहरूको उपभोगमा क्रमिक रुपले वृद्धि भएको हुँदा

स्थानीय बजारमा यसको माग दिनानुदिन बढ्दो छ । पशुपालन व्यवसायबाट पशुजन्य प्रदार्थको आयात प्रतिस्थापन मात्र नभई स्थानीय स्तरमा बाहिरबाट आयात हुने दूधजन्य र मासुजन्य उत्पादनहरु स्थानीय स्तरमा उपलब्ध गराउन सकिने प्रवल सम्भावना रहेको छ । पशुपालन व्यवसायलाई थप आधुनिकीकरण र व्यवस्थित तरिकाबाट संचालन पश्चात् बजारको माग अनुसार पशुजन्य प्रदार्थको उत्पादन गरी उपभोक्ता समक्ष पुऱ्याउन सकेमा कृषकको जीवनस्तरमा सुधार भई आर्थिक उन्नति हुने देखिन्छ।

### ३.३.२ समस्या तथा चुनौति

यो गाउँपालिका हिमाली भागमा पर्ने भएको हुँदा यहाँ भेडा च्याङ्ग्राको पालनपोषण बढी हुने गरेको भएतापनि उन्नत जातको पशुपालनमा ग्रामीण समुदायमा त्यति चासो, ज्ञान, सीप रहेको पाइदैन । सामान्य तरिकाले परम्परागत विधि अपनाएर उन्नत जातका पशपंक्षी पालन हुन नसक्नु, दाना तथा आहारको उचित व्यवस्था हुन नसक्नु, चरन क्षेत्रको उचित व्यवस्थापन हुन नसक्नु, पशु वस्तुमा लम्पी स्किन जस्ता रोगको बृद्धि हुँदा आवश्यक औषधि तथा उपचारका लागि दक्ष जनशक्तिको उपलब्धता नहुनु, पशुबिमाको सहज व्यवस्था र जानकारी पनि नहुनु, उत्पादनले व्यावसायिकता हासिल गर्न नसकी प्रतिस्पर्धात्मक हुन नसक्नु, उत्पादित पशुपंक्षीको बजारीकरण हुन नसक्नु र उत्पादक कृषकहरुले उचित मुनाफा प्राप्त गर्न नसक्नु आदि पशुपंक्षी विकासका प्रमुख समस्याहरु रहेका छन् ।

एकातिर पशुपालनका लागि आवश्यक पर्ने चरिचरनको व्यवस्थापन तथा विभिन्न प्रकारका पशुजन्य रोग लागेको अवस्थामा उचित उपचार सेवामा बृद्धि गर्न सक्नुपर्ने चुनौती रहेको छ । स्थानीय स्तरमा गुणस्तरीय पशुजन्य उत्पादन एवम् उपभोग प्रति जनचेतना बृद्धि गर्नु र आफ्नै गाउँठाउँमा काम गर्न प्रोत्साहित गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । तीव्र शहरीकरण, नेपालीको आयआर्जनमा भएको बृद्धि, खाद्य व्यवहार परिवर्तन आदिले गर्दा दूध, मासु तथा अण्डाको माग बढिरहेको सन्दर्भमा गाउँपालिकाको विद्यमान् उत्पादन बृद्धिले धान्न सकेको छैन । पशुपन्छी उत्पादन प्रणालीलाई प्रतिस्पर्धी बनाउन उच्च उत्पादन लागतका कारण समस्या परेको छ । व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ । भौतिक पूर्वाधारको कमजोर अवस्था जसले गर्दा आधुनिक तरिकाले पशुपालन नगरी परम्परागत विधिबाट पशुपालन गर्नुपर्ने, पशु उपचारकालागि सजिलै औषधी उपलब्ध नहुने र उपलब्ध भएका प्रविधि एवम् औषधि पनि महङ्गो हुने, पशुपालनको लागि सजिलै दाना तथा मिनरल जस्ता खनिज तत्वहरू उपलब्ध नहुनु, हिउँदे समयमा पशु आहाराको कमी हुने गरेको छ । गाउँपालिकाका वडाहरूमा सम्भाव्यताको आधारमा व्यावसायिक पशुपालन तथा पकेट क्षेत्रको विस्तार हुन सकेको छैन । उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बीमा अनुदान, सहुलियतपूर्ण ऋणको व्यवस्था कार्यान्वयन प्रभावकारी नभएको साथै पशुपालनबाट मासु, दूध, अण्डामा निर्भर हुन सकिएको छैन । पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा रहेको छ भने केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ । पशु आहारका लागि उन्नत घाँसको बीउ तथा डाले घाँसको उत्पादनमा कमी रहेको छ ।

### ३.३.३ सोच

"मासु तथा दूध उत्पादनमा आत्मनिर्भर उन्मुख गाउँपालिका"

### ३.३.४ उद्देश्य

१. युवा तथा महिलाहरुलाई व्यावसायिक पशुपालनमा लाग्न प्रेरित गर्दै आवश्यक सहजीकरण गर्दै जानु ।
२. कृषकहरुलाई पशुपालनको क्षेत्रमा आईपर्ने विभिन्न व्यावहारिक कठिनाईमा आवश्यक सहयोग उपलब्ध गराउनु ।

३. पशुपालनको माध्यमबाट उत्पादित वस्तुको उपभोग मार्फत् पोषणयुक्त खानाको व्यवस्थापन र स्थानीय स्तरमा बजारीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराउनु ।

### ३.३.५ रणनीति

१. गाउँपालिकामा पशुपन्छीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने खालका सेवाहरु उपलब्ध गराउने ।
२. पशुपन्छीजन्य व्यवसायलाई लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रुपमा विकास गर्ने ।
३. स्थानीय जातका पशुपन्छीको संरक्षण र उन्नत जातका पशुपन्छी पालनलाई प्रोत्साहन दिई स्वस्थ्य, सफा दूध, अण्डा र मासु उत्पादनमा वृद्धि गरी आत्मनिर्भरता हासिल गर्ने।
३. भू-बनोट तथा सुहाँउदो हावापानीको आधारमा सम्भाव्यता अध्ययन् गरी पकेट क्षेत्रको विस्तार गर्ने।
४. पशु सेवामा प्राविधिक सेवा केन्द्रको स्थापना एवम् भौतिक पूर्वाधार र जनशक्ति विकास गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. ०७७/७८ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| व्यावसायिक पशु पालनमा संलग्न कृषक | संख्या | ११३ | १२५ | १३५ | १४५ | १५५ |
| व्यावसायिक फर्मको संख्या | संख्या | ५३ | ६० | ७० | ७१ | ७८ |
| वार्षिक दूध उत्पादन | मे.टन. | ८.३०४७ | १०.३ | ११ | १२ | १३ |
| वार्षिक मासु उत्पादन | मे.टन. | १०.२ | १२.३ | १३ | १४ | १६ |
| वार्षिक अण्डा उत्पादन ( हजारमा) | संख्या | १२०१६ | २०००० | २१००० | २२००० | २४००० |
| वार्षिक ऊन उत्पादन | मे.टन. | ०.५ | ०.८ | १ | १.५ | २ |
| वार्षिक छाला उत्पादन | संख्या | १०१ | १२३ | १३५ | १६० | १८७ |
| पशुपंक्षी | संख्या | ३६००० | ४३००० | ४६००० | ४८००० | ५०००० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५० | ३६० | ९० | ० | ० | ४५० | ० | ० |
| २०८१/८२ | ४६५ | ३७२ | ९३ | ० | ० | ४६५ | ० | ० |
| २०८२/८३ | ४७८ | ३८२ | ९६ | ० | ० | ४७८ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बाखा पकेट कार्यक्रम | बाखाको संख्या बढ्ने | आ.व. ०८०/०८१-०८२/०८३ | १५०० | बाखाको (जमुनापारी, बोयर) लगायतको संख्या बढ्ने |
| २ | औषधि खरिद | पशुपंक्षीमा रोगको प्रकोप घट्ने | आ.व. ०८०/०८१-०८२/०८३ | २५० | पशुपंक्षीमा रोगको प्रकोप कम हुने । |
| ३ | पशु सेवा प्रसार, उपचार तथा अन्य पशु स्वास्थ्य शिविर कार्यक्रम किसान सूचीकरण | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | १५० | व्यावसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा २५ प्रतिशतले वृद्धि गर्ने । किसानको परिचयपत्र अद्यावधिक हुने । |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

पूर्वाधार, प्रविधि तथा सीप विकास कार्यक्रमहरू तर्जुमा हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षी पालन व्यवसायमा परिचालित हुनेछ । बेरोजगार युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधि, पशु प्रसार, चरन क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

हुम्ला जिल्लाको ग्रामीण इलाका भएकोले यस क्षेत्रमा उद्योगहरुको संख्या नगण्य छ । खुद्रा व्यापारले यस क्षेत्रको अर्थतन्त्रलाई चलायमान बनाएको छ । यस गाउँपालिकामा हाल सम्म औपचारिक रुपमा ७५ वटा साना उद्योगहरू दर्ता भएका छन् । स्थानीय उद्योग-व्यवसाय तथा व्यापार क्षेत्रले कृषिको प्रवर्द्धन र स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू निर्यात गर्दै आर्थिक आयआर्जनको मुख्य स्रोत बनेको छ । यस गाउँपालिकाका ग्रामिणस्तरमा पशुपालन व्यवसाय, जडीबुटी, कोदो, चिनो, काँगुनो, सिमी जस्ता कच्चा पदार्थको उत्पादन, संकलन गरिन्छ साथै तिनको निर्यात गरी नागरिकको आर्यआर्जनमा टेवा पुगेको छ ।

### ३.४.२ समस्या तथा चुनौति

यस गाउँपालिकामा संकलन हुने कच्चा पदार्थहरूलाई प्रशोधन गर्ने उद्योग स्थापनाका लागि सहज वातावरण नहुनु, लगानीकर्तालाई सरकारबाट प्रोत्साहनमा कमी, भौगोलिक विकटता, महंगो हवाई यातायात र स्थलगतरुपमा यातायात व्यवस्थित नहुनुले उद्योग सामग्रीहरू र दक्ष जनशक्ति ल्याउनमा कठिनाई रहेको छ । पर्याप्त लगानीकर्ताको कमीले उद्योग तथा व्यवसायको स्थापना हुन सकेको छैन । औद्योगिक क्षेत्रको विकासका लागि आवश्यक योजना तयार भएको छैन भने सरकारी तवरबाट उद्योग स्थापना र सञ्चालनका लागि सहज वातावरण तयार हुन सकेको छैन । व्यवसाय दर्ता, सञ्चालन तथा कर प्रणालीमा अझै प्रक्रियागत जटिलता कायम रहेको छ । अर्कोतिर सम्भावित उद्योगहरूका लागि

उत्पादन हुने कच्चा पदार्थको उत्पादनको प्रचुर सम्भावना भए पनि सरकार, निजि क्षेत्रको लगानी र प्रोत्साहनले पनि पर्याप्त कच्चा पदार्थ उत्पादन हुन सकेको छैन । उत्पादन भएको सामानलाई निर्यात गर्न महँगो हवाई यातायातले गर्दा बजारसँग प्रतिस्पर्धा गर्नसक्ने अवस्था छैन । यसका लागि सरकारका अनुदानका कार्यक्रमको समेत कमी रहेको छ ।

### ३.४.३ सोच

" स्थानीय स्तरमा साना तथा घरेलु उद्योग क्षेत्रको योगदानमा बृद्धि गरी आर्थिक रुपान्तरण गर्ने"

### ३.४.४ उद्देश्य

१. साना तथा मझौला उद्योगमा लगानीमैत्री वातावरण सृजना गरी उद्योग क्षेत्रमा लगानी र रोजगारीका अवसर सृजना गर्नु,

२. अर्गानिक उत्पादन वितरण र निर्यात मार्फत् गाउँपालिकाको पहिचान र स्थानीय अर्थतन्त्रमा वृद्धि गर्नु,

### ३.४.५ रणनीति

१. गाउँपालिकामा प्राप्त स्रोत साधान र कच्चा पदार्थहरूको अवस्थालाई अध्ययन अनुसन्धान गरी साना तथा मझौला उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

२. निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने ।

३. पर्याप्त कच्चा पदार्थको उत्पादनमा जोड र उद्योगबाट उत्पादन वस्तुहरूको उत्पादनमा आधारित प्रोत्साहनस्वरुप अनुदानका कार्यक्रमहरूसञ्चालन गर्ने ।

४.संघ, प्रदेश र विभिन्न साझेदारहरूसँगको सहकार्यमा दक्ष जनशक्ति उत्पादनका लागि युवा जनशक्तिलाई उद्यमशीलता र व्यावसायिक सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | १५० | २०० | २२५ | २५० | २७५ |
| गाउँमा दर्ता भएका उद्योग व्यवसायहरू | संख्या | ७५ | ८४ | १०० | १२५ | १५० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | ७५ | ८४ | १०० | १२५ | १५० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | ० | ० | १ | २ | ३ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२५० | ८७५ | ३७५ | ० | ० | १२५० | ० | ० |
| २०८१/८२ | १३२० | ९२४ | ३९६ | ० | ० | १३२० | ० | ० |
| २०८२/८३ | १३६० | ९५२ | ४०८ | ० | ० | १३६० | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा अन्य साना उद्योग प्रवर्द्धन कार्यक्रम | क्षमता अभिवृद्धि, उत्पादकत्व वृद्धि भै स्थानीय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | ३४२६ | व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १५ प्रतिशतले बृद्धि हुनेछ । |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, निजी क्षेत्र बीच समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । सरकारबाट लगानीकर्तालाई प्रोत्साहन स्वरुप सीप, अनुदानका कार्यक्रमहरू सञ्चालन हुन सक्ने सम्भावनाहरू छन् । बेरोजगार युवाहरू कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन् । जसले गर्दा लक्ष्य अनुसारको उपलब्धी हासिल हुनेछ । लक्ष्य प्राप्तिमा सबै सरोकारवालाको सकृय योगदान हुन नसक्ने जोखिम रहन्छ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

स्थानीय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान बृद्धि गर्न पर्यटकीय सम्भावनाहरुको विकास, विस्तार र प्रवर्द्धन , पर्यटन सेवाहरुको विविधिकरण, सम्पदाहरुको संरक्षण, पर्यटकीय पूर्वाधारहरुको विकास र सौन्दर्यीकरण गर्नुपर्ने देखिन्छ । खलाडिल मन्दिर, मष्टामाडु मन्दिर, सरस्वती मन्दिर, कटेलगाउँ मष्टादेव, कोलिबाडा नौलादेव, दुज्याल मष्टा, जगतमाला माई, बदेलचौर, कालिका, हरिनाथ, मदना खवौला आदि मन्दिरको निर्माण तथा मर्मत गरी पर्यटन विकासको योजनालाई अगाडि बढाउनु जरुरी रहेको छ । हुम्ला जिल्लाको ताँजाकोट गाउँपालिकामा क्षेत्री, ब्राह्मण, दलित, जनजाति लगायत विभिन्न जातिको बसोबास रहेको छ ।

### ३.५.२ समस्या तथा चुनौति

पर्यटन क्षेत्रको विकासका लागि व्यवस्थित तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन हुन सकेका छैनन् । पर्यटकीय स्थलमा आवश्यक संरचना निर्माण र प्रचार प्रसार हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना तर्जुमा हुनसकेको छैन । विद्यमान् धार्मिक पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ । बाह्य प्रभावले गर्दा स्थानीय संस्कृति

तथा भाषामा अतिक्रमण निरन्तर भईरहेको छ । मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन । कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन ।

### ३.५.३ सोच

"आर्थिक समृद्धिका लागि पर्यटन विकास"

### ३.५.४ उद्देश्य

१. गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटक आगमनमा उल्लेखनीय बृद्धि गरी जनताको आयस्तरमा बृद्धि गर्नु ।
२. गाउँपालिकामा होमस्टे सञ्चालन गरी रैथाने परिकारको प्रवर्द्धन गरी पर्यटकलाई आकर्षित गर्नु ।

### ३.५.५ रणनीति

१. गाउँपालिकामा दुई वटा होमस्टे सञ्चालनमा ल्याउने ।धार्मिक पर्यटनको विकासकालागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गर्ने ।

२. स्थानीय रैथाने कला, संस्कृति र परम्परालाई व्यावसायिकरण गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।

३. पर्यटकीय क्षेत्रको व्यापक प्रचारप्रसार गरी आन्तरिक र बाह्य पर्यटकको संख्या बृद्धि गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| भ्रमण गर्ने पर्यटक (वार्षिक) | संख्या | ४०० | ४४५ | ५०० | ६०० | ७०० |
| व्यवस्थित, स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | २ | ३ | ५ | ७ | ९ |
| गाउँपालिकामा स्थित कला, सांस्कृतिक संगठन | संख्या | १ | २ | ३ | ४ | ५ |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक, हाइकिङ स्थल | संख्या | १ | २ | ३ | ४ | ५ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२५० | ३७५ | ८७५ | ० | ० | १२५० | ० | ० |
| २०८१/८२ | १२६० | ३७८ | ८८२ | ० | ० | १२६० | ० | ० |
| २०८२/८३ | १२७० | ३८१ | ८८९ | ० | ० | १२७० | ० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १. | पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटकीय सेवा, सुबिधाको विकास र विस्तार गर्नु | सालबसाली | ३२८५ | पर्यटक आगमन तथा बसाई अवधिमा वार्षिक ५ प्रतिशतले वृद्धि हुनेछ । |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

धार्मिक पर्यटन र स्थानीय कला संस्कृति प्रवर्द्धनका लागि स्थानीय सरकारको प्राथमिकतामा रहेको हुनेछ । स्थानीय धार्मिक पर्यटकहरूको संख्या वृद्धि भएको हुनेछ । पर्याप्त पूर्वाधार तथा बजेट कार्यक्रम सहित प्रवर्द्धनात्मक कार्यक्रमको प्रभावकारीता हुन नसक्ने जोखिम रहेको छ ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्त

### ३.६.१ पृष्ठभूमि

सङ्घीयताको कार्यान्वयनसँगै सहकारीलाई स्थानीय तहको अधिकार सूचीमा राखेको छ । गाउँपालिका क्षेत्र भित्र रहेको पूँजी संकलन गर्ने, लगानी गर्ने, रोजगारी प्रवर्द्धन गर्ने तथा सर्वसाधारणको आयआर्जन गर्ने हेतुले यस गाउँपालिकालाई कार्यक्षेत्र बनाई १८ वटा सहकारीहरु स्थापना भई संचालनमा रहेका छन्। सहकारीहरूले  औपचारिक कारोबार, कर्जा सुविधा र वचतको प्रवृत्तिलाई प्रवर्द्धन गरेका छन् । बैंक, वित्तीय संस्था एवम् सहकारी मार्फत् औपचारिक कारोबार, कर्जा सुविधा र वचतको प्रवृति विस्तार हुँदै गएको छ । गाउँपालिकाका लगभग ८० प्रतिशत भन्दा बढी व्यक्तिहरुले बैंक खाता खुलेको छ ।

### ३.६.२ समस्या तथा चुनौति

मुलुकको आर्थिक विकासको संवाहकको रुपमा रहेको सहकारी क्षेत्रको बहुआयामिक समस्या तथा चुनौति रहेका छन्। विशेष गरी वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभावका कारण अनौपचारिक क्षेत्रबाट कारोबार हुने गरेको छ । बैंकिङ तथा वित्तीय संस्थाका जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ । सहकारी संस्थाहरूको स्थापना र प्रभावकारी सञ्चालनका लागि आवश्यक वातावरण कायम गर्नु महत्वपूर्ण रहेको छ । ग्लोबल आई एम ई बैंक मात्र यहाँ बैंकको शाखाको रुपमा सकृय अवस्थामा रहेको छ । सहकारीहरूका गतिविधिहरु निस्कृय अवस्थामा रहेका छन् ।

### ३.६.३ सोच

“सहकारीको बलियो उपस्थिति मार्फत् गाउँपालिकाको विकास”

### ३.६.४ उद्देश्य

१.स्थानीय उत्पादनको क्षेत्रमा लगानी मार्फत् आत्मनिर्भर र स्वावलम्बन बनाउनका लागि स्थानीय स्रोत साधनको प्रभावकारी परिचालन गर्नु ।

२.स्थानीय सहकारीहरूको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट पूँजी निर्माण र व्यावसायिकतामा विकासमा सहयोग गर्नु ।

३.सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु ।

### ३.६.५ रणनीति

१. सहकारीहरूको बलियो उपस्थितिलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम र वातावरण सृजना गर्ने ।

२. गाउँपालिकाका ग्रामीण स्तरमा वित्तीय साक्षरता मार्फत् सहज पहुँचमा अभिवृद्धि गर्ने र सहकारीहरूको संस्थागत क्षमता विकास मार्फत् उत्पादनमूलक, व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।

३. सहकारी क्षेत्रको अनुगमन र मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

४.सहकारीहरूको पूँजी र लगानी व्यावसायिक कृषि र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

५. स्थानीय तहमा स्थित बैंक तथा वित्तीय संस्थाहरूसँग सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न समन्वय र सहजीकरण गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८० | २०८१/८२ | २०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ५ | ५ | ८ | १२ | १५ |
| कृषि सहकारी संस्थाको संख्या | संख्या | १८ | १८ | २० | २२ | २४ |
| सहकारीमा आवद्ध कृषक | संख्या | २८० | २९० | ३१० | ३४० | ४०० |
| बैंक खाता तथा बैंक सेवा उपयोग गर्ने व्यक्ति | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९५ |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ३० | ३५ | ५० | ६० | ७० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, वित्त तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २५० | २०० | ५० | ० | १०६ | १४४ | ० | ० |
| २०८१/८२ | २७० | २१६ | ५४ | ० | १०६ | १६४ | ० | ० |
| २०८२/८३ | २८० | २२४ | ५६ | ० | १०७ | १७३ | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता कक्षा सञ्चालन | नागरिकहरूलाई वित्तीय पहुँचमा अभिवृद्धि गर्नु | सालबसाली | ४६३ | नागरिकहरूलाई वित्तीय साक्षरता मार्फत् वित्तिय सेवामा सहज पहुँच अभिवृद्धि गर्ने । |
| २ | सहकारी संस्थाहरूको क्षमता विकास मार्फत् प्रवर्द्धन तथा अन्य कार्यक्रम | सहकारीको संस्थागत क्षमता अभिबृद्धि मार्फत् व्यावसायिक गर्नु | सालबसाली | १८५ | १८ वटा सहकारीहरूको सस्थागत विकास मार्फत् उत्पादनमुखी र व्यावसायिक गर्ने । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

सहकारी संस्थाहरुको बलियो उपस्थिति ताँजाकोट गाउँपालिकाको लागि प्रमुख पक्ष हो । सहकारी संस्थाहरू व्यावसायिक उत्पादनमूलक र बजारीकरणमा बढी कियाशिल हुने छन् । यसले सहकारी संस्था प्रतिको विश्वसनीयता बढेको हुनेछ । यस क्षेत्रको पूँजी संकलन, लगानी र प्रतिफलको समन्यायिक वितरण मार्फत् सर्वसाधारणको आयआर्जनमा वृद्धि भएको हुनेछ । सहकारी संस्था उत्पादनमुखी नभई कर्जा लगानीमा मात्र सीँमित भएको अवस्थामा लक्ष्य हासिल गर्न जोखिम रहने छ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

हाल यस ताँजाकोट गाउँपालिकामा रहेका ३२,०० बेरोजगार रहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार व्यवस्थापन सूचना प्रणालीमा दर्ता भएका बेरोजगारको संख्या आ.व ०७८/७९ मा १०६५ जना, आ.व ०७९/८० मा १८८६, आ.व. २०८०।०८१ मा २२८३ जना बेरोजगारहरु सूचीकृत भएका छन् । आ.व ०७९/८० मा ५७२ जनाले ८० दिन बराबरको रोजगारी प्राप्त गरेका छन् ।

### ३.७.२ समस्या तथा चुनौति

युवा जनशक्ति विदेश र कालापहाड रोजगारीका लागि जाने र स्थानीय गाउँपालिका प्रशासकीय भवन लगायत कामका लागि बाहिरका श्रमिकसँग भर पर्ने अवस्था रहेको छ । त्यसमा पनि स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक अर्गानिक उत्पादन, संकलन र वितरण, धार्मिक पर्यटन जस्ता क्षेत्रका लागि चाहिने दक्ष जनशक्तिको अभाबले चुनौति थपिदिएको छ । उद्योग र कलकारखानाहरु नभएको अवस्था छ । औद्योगिक

तथा निर्माण क्षेत्रको मागअनुसार श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा बाह्य जिल्लाबाट कामदारमा भरपर्ने अवस्था रहेको छ। दक्ष जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुनेगरी क्षमता विकासका अवसरहरूमा कमी रहेको छ।

### ३.७.३ सोच

"गाउँमै रोजगार, जीवनस्तरमा सुधार "

### ३.७.४ उद्देश्य

१. रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम् रोजगारीको प्रत्याभूत गर्नु।
२. स्थानीय श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास कार्यक्रम मार्फत् पूर्ण रोजगारीमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्नु।
३.स्थानीय श्रम बजारका लागि आवश्यक सीप र दक्षतालाई मध्यनजर गरी पेशाको विशिष्टीकरणका आधारमा प्राविधिक तथा व्यावसायिक सीप तालिम प्रदान गर्नु।
४. रोजगार सेवा केन्द्रबाट रोजगार सम्बन्धी सेवाहरु एकद्धार प्रणालीबाट सेवा दिने व्यवस्था लागू गर्नुपर्ने।

### ३.७.५ रणनीति

१. गाउँपालिकामा सञ्चालन हुने प्राविधिक तालिमहरु व्यावहारिक र रोजगारमूलक हुनुपर्ने।
२.संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने।
३. काम गर्ने उमेरका स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाइ | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | २३ | ३२ | ३८ | ४५ | ५१ |
| न्यूनतम् रोजगारीका दर्ता भएका कुल बेरोजगार व्यक्ति | संख्या | १०६५ | १८८६ | २२८३ | २५१३ | २८७८ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | बजेटको स्रोत (रु. हजारमा) |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | ४५० | २२५ | २२५ | ० | ० | -१८१९ | २२६९ | ० |
| २०८१/८२ | ४७० | २३५ | २३५ | ० | ० | -२०६४ | २५३४ | ० |
| २०८२/८३ | ४८० | २४० | २४० | ० | ० | -२०४८ | २५२८ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री/ मुख्यमन्त्री रोजगार तथा अन्य रोजगारमूलक कार्यक्रम | बेरोजगारलाई वर्षमा न्यूनतम् १०० दिनको रोजगारी प्रदान गर्नु | सालबसाली | २२००२ | ६७९ जना न्यून आय भएका विपन्न व्यक्तिहरूलाई १०० दिनको रोजगार प्राप्त गरेका प्रदान गर्ने । |
| २ | सिलाईकटाई सीप विकास तालिम, बेमौसमी तरकारी खेती, कुकिङ, स्तरोन्नति | नयाँ उद्यमी सृजना गर्ने | सालबसाली | २००० | ७५ जना नयाँ उद्यमी सृजना भएको हुने । ५० जनाको स्तरोन्नति भएको हुने । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकार र प्रदेश सरकारको रोजगारी सम्बन्धी नीति तथा कार्यक्रमले निरन्तरता पाउने छ । गाउँपालिकाले रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा, युवाहरूलाई व्यावसायिक र सीपमूलक तालिमहरूको आयोजना गरी निजी क्षेत्रसँग समन्वय सहकार्य र साझेदारी गर्नेछ । कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

ताँजाकोट गाउँपालिकामा गरिबीको रेखामुनी रहेको जनसंख्या २९ प्रतिशत रहेको छ । मदिरा सेवन, बेरोजगारी लगायत कारणले गर्दा यहाँ खासगरी दलितहरुको अवस्था दयनीय छ । हुम्ला जिल्लाको पुछारमा अवस्थित यस गाउँपालिकामा रैथाने बाली, तराई देखि उच्च हिमालसम्मको हावापानीले प्रशस्त सम्भावना सृजना गर्ने देखिन्छ ।

### ३.८.२ समस्या तथा चुनौति

वितरणमुखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिबी निवारणका प्रयासहरू प्रभावकारी हुन सकिरहेका छैनन् । गैर आर्थिक क्रियाकलापमा श्रम शक्तिको उपयोग र न्यून आय आर्जनका कारण गरिबी निवारण कठिन बनेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिविधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक कृषि, पशुपालन, उद्योग तथा पर्यटन क्षेत्रबाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुर्याउन सकेको छैन । लक्ष्य

अनुरूप गरिबी घटाउनु, असमानता बढनु, दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन् ।

### ३.८.३ सोच

"विपन्नलाई रोजगारी, गरिबी निवारणमा योगदान"

### ३.८.४ उद्देश्य

१. उत्पादनमूलक र सीप विकास मार्फत् रोजगार सृजना गर्नु ।
२. गरिब पहिचान गर्नु एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु,
३. वास्तविक विपन्नलाई रोजगारी दिने ।

### ३.८.५ रणनीति

१. गरिबलाई लक्षित रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम, उत्पादनमूलक कार्यक्रम तथा शिक्षाका कार्यक्रमहरूसञ्चालन गर्ने ।
२. गरिब घरपरिवार पहिचान गरी सो सम्बन्धी विवरण अद्यावधिक गर्ने ।
३. उत्पादनमूलक रोजगारीका अवसरको अभिवृद्धि गरी गरिबको पहुँच सुनिश्चित गर्ने ।
४. रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सूचीकृत बेरोजगारहरुलाई वस्तुनिष्ठ र विश्वसनीय बनाई सोमा सूचीकृत बेरोजगारहरुलाई मात्र रोजगार दिने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कार्यक्रमबाट सिर्जित रोजगारी | जना | ७९० | ८७४ | ९८८ | १०१९ | १३३४ |
| गरिवीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २९ | २४ | २१ | १८ | १३ |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५० | २२५ | २२५ | ० | ० | -१८१९ | २२६९ | ० |
| २०८१/८२ | ४७० | २३५ | २३५ | ० | ० | -२०६४ | २५३४ | ० |
| २०८२/८३ | ४८० | २४० | २४० | ० | ० | -२०४८ | २५२८ | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना/उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारण कार्यक्रम | रोजगारी सृजना गरी गरिबी निवारणमा सहयोग गर्नु | सालबसाली | २९८५ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या १० प्रतिशत भएको हुनेछ । |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी घटाउने राष्ट्रिय लक्ष्य बमोजिमको सबै तहको सरकारबाट लगानी र अग्रसरता रहेको हुनेछ । गरिब घरपरिवारको यथार्थ तथा अद्यावधिक विवरणका आधारमा कार्यक्रम सञ्चालन भएका हुनेछन् । गरिबी निवारणलाई सबै कार्यक्रम तथा आयोजनाको अन्तरसम्बन्धित क्षेत्रका रूपमा लिइ लक्ष्य तय भएको हुनेछ । उपर्युक्त परिवेश कायम हुन नसके अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

## ४.१ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.१.१ पृष्ठभूमि

गाउँपालिकाको साक्षरता दर ८५ प्रतिशत रहेको छ। यस गाउँपालिकामा १८ वटा बाल विकास केन्द्र, १२ वटा आधारभूत विद्यालयहरु , ४ वटा माध्यमिक विद्यालय, २ वटा सामुदायिक सिकाई केन्द्र, प्राविधिक शिक्षा तर्फ पशुविज्ञान र बालीविज्ञानमा २ वटा विद्यालयमा माध्यमिक तह सञ्चालित छ भने निजि तर्फ १ सञ्चालनमा रहेका छन्। गाउँपालिकाका सार्वजनिक विद्यालयहरूमा जम्मा ११७ जना शिक्षकहरू कार्यरत रहेका छन्। विद्यालय शिक्षाको गुणस्तरमा गुणात्मक सुधार हुँदै गएको यस क्षेत्रमा प्राथमिक तहमा खुद भर्नादर ८५ प्रतिशत रहेको छ भने माध्यमिक तहमा खुद भर्ना दर ७५ प्रतिशत रहेको छ। खानेपानी सरसफाई स्वच्छता सुविधा भएका आधारभूत विद्यालय संख्या ६० प्रतिशत र इन्टरनेट सुविधा उपलब्ध विद्यालयको संख्या ४ वटा रहेको छ। विद्यालयमा प्राथमिक तहमा अंग्रेजी माध्यमबाट अध्ययन कार्य सञ्चालन भएकाले गुणस्तरीय र व्यावहारिक शिक्षामा जोड दिने विद्यालयको संख्या वृद्धि भएको छ। शैक्षिक क्षेत्रको विकासमा नेपाल सरकार, कर्णाली प्रदेश सरकार एवम् विकास साझेदार संस्थाको तर्फबाट पूर्वाधार निर्माण तथा गुणस्तर सुधारमा निरन्तर सहयोग तथा सहकार्य रहेको छ। शैक्षिक विकासलाई थप गुणस्तरीय बनाउन स्थानीय सरकारको नीति कार्यक्रम तयार गरी कार्यान्वयन गर्न सक्ने सम्भावना रहेको पाईन्छ।

### ४.१.२ समस्या तथा चुनौति

अंग्रेजी माध्यमको शिक्षणमा विश्वास गरी नेपाली माध्यम पठनपाठन हुने विद्यालयमा विद्यार्थी संख्या न्यून हुनुले सामुदायिक तथा संस्थागत विद्यालयबीच शैक्षिक गुणस्तरमा फरक रहेको बुझाईमा सामुदायिक विद्यालयको शिक्षाप्रति गाउँपालिकाबासीको विश्वासमा कमी रहेको छ। सरकारी विद्यालयमा दरबन्दी न्यून हुनु, विद्यालय संख्या कुनै ठाउँमा आवश्यकता भन्दा धेरै हुनु कुनै ठाउँमा टाढा हुनु, शैक्षिक गुणस्तरको कमी र शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु मुख्य शैक्षिक समस्या हो। विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविश्कारका लागि प्रोत्साहनको कमी रहेको छ। सामुदायिक विद्यालयमा दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सबलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी हुन सकेको छैन। स्थानीय बजारको माग अनुरूपका जनशक्ति उत्पादन गर्न र निम्न आय भएका समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापित हुन सकेको छैन। जीवनउपयोगी एवं गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन।

### ४.१.३ सोच

"सर्वसुलभ र समान पहुँच, गुणस्तरीय र व्यावहारिक शिक्षा"

### ४.१.४ उद्देश्य

१. गुणस्तरीय र व्यावहारिक शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्नु,
२. प्रविधिक, व्यावसायिक तथा जीवनपयोगी शिक्षाका अवसर सृजना र दक्ष जनशक्तिको विकास गर्नु,
३. विद्यालयबाट सिकेको ज्ञान र सीपलाई व्यावसायिक र श्रमबजारसँग जोड्न सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्नु।

### ४.१.५ रणनीति

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसर विस्तार गर्दै युवा रोजगारी तथा उद्यमशीलता विकास गर्ने,

३. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्ग तथा समुदायका बालबालिकाका लागि उच्च शिक्षा सम्म पहुँच सुनिश्चित गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | - | ८५ | ९० | ९५ | ९८ |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | - | ८५ | ९० | ९५ | ९८ |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | - | ७५ | ८० | ८५ | ९० |
| १५ देखि २४वर्ष उमेरसमूहको महिला साक्षरता दर | प्रतिशत | - | ६५ | ७० | ७५ | ८० |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | संख्या | - | १५ | १६ | १८ | १९ |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | संख्या | - | ८ | १२ | १५ | १९ |
| खानेपानी सरसफाइ स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | - | ८ | १३ | १६ | १९ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | | २ | ५ | ८ | १२ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | | ९० | ९५ | १०० | १०० |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २२५०० | १९१२५ | ३३७५ | ० | ० | २१५९२ | ९०८ | ० |
| २०८१/८२ | २३३०० | १९८०५ | ३४९५ | ० | ० | २२२८६ | १०१४ | ० |
| २०८२/८३ | २४१०० | २०४८५ | ३६१५ | ० | ० | २३०८९ | १०११ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास कार्यक्रम | बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना वृद्धि गर्नु । | सालबसाली | ९८४० | प्रारम्भिक बाल विकास खुद भर्नादर ९८ प्रतिशत पुगेको हुनेछ |
| २ | आधारभूत शिक्षा कार्यक्रम | आधारभूत शिक्षा निशुल्क एवम् अनिवार्य गर्ने | सालबसाली | ८७३० | आधारभूत तह खुद भर्नादर ९८ पुगेको हुनेछ । |
| ३ | माध्यमिक शिक्षा कार्यक्रम | मध्यमस्तरको जनशक्ति तयार गर्नु । | सालबसाली | ६४३० | माध्यमिक तहको खुद भर्ना दर ९० प्रतिशत पुगेको हुनेछ । |
| ४ | अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम | गाउँपालिकालाई पूर्ण साक्षर बनाइ निरन्तर शिक्षा प्रदान गर्नु । | सालबसाली | २४९६ | साक्षर गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिई जीवन उपयोगी सीपमा अभिवृद्धि हुनेछ । |
| ५ | गाउँपालिका शिक्षा विकास सालवसाली अन्य कार्यक्रम | गुणस्तरीय र प्रभावकारी शैक्षिक सेवा प्रवाह गर्नु । | सालबसाली | १२८६४ | शैक्षिक पहुँच र गुणस्तरमा हालको अवस्थाबाट कम्तीमा १५ प्रतिशतले वृद्धि हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

शैक्षिक क्षेत्रमा नवीनतम् विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, स्थानीय सरकारको प्राथमिकता, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

यस गाउँपालिकामा एक स्वास्थ्य शाखा र २ स्वास्थ्य चौकी, ४ सामुदायिक स्वास्थ्य इकाईहरूले गाउँपालिकास्तरको जनस्वास्थ्य सेवाको व्यवस्थापन हुँदै आएको छ । गाउँपालिकाको केन्द्र चाँखुरे नजिक १० शैयाको अस्पताल निर्माणाधीन अवस्थामा छ। स्वास्थ्य शाखाले गाउँपालिकामा पहिलेदेखि नै सञ्चालन भई सङ्घीय व्यवस्थापछि हस्तान्तरण भई आएका सबै स्वास्थ्य संस्था तथा त्यहाँबाट प्रवाह हुने सेवाहरूको व्यवस्थापन गर्ने अवसर समेत गाउँपालिकालाई प्राप्त भएको छ। गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधि तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्यपनि शाखालेनै गर्ने गरेको छ । यसका अतिरिक्त गाउँपालिका क्षेत्रमा सञ्चालित सरकारी, निजी तथा अन्य सबै किसिमका स्वास्थ्य संस्थाहरूको अनुगमन तथा मूल्यांकनका साथै निजी क्षेत्रका संस्थाहरूलाई स्थापना तथा सञ्चालन अनुमति दिने र उनीहरूको सेवाको गुणस्तर निर्धारणदेखि अनुगमन गर्ने जिम्मेवारी पनि शाखालाई दिइएको छ । समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको छ ।

### ४.२.२ समस्या तथा चुनौति

यस गाउँपालिकामा बढ्दो बजारीकरण, अव्यवस्थित बसोवास, आयातीत मदिराका बोतलहरु जथाभावी फालिनु, बढदो जनघनत्व र मौसमी प्रतिकूलताका कारण पनि फोहरमैला व्यवस्थापन हुन सकेको छैन । यसले वातावरणमा नागरिकमा प्रत्यक्ष असर पारेको देखिन्छ । स्वास्थ्य सम्बन्धी जनचेतनाको कमी, अस्वस्थकर आहार र स्वस्थ जीवनशैलीको कमी मुख्य स्वास्थ्य समस्याका रुपमा रहेको छ । स्थानीय

स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको पूर्वाधार र औजार तथा उपकरण लगायत जनशक्ति व्यवस्थापन तथा क्षमता विकासको अवसरमा कमी रहेको छ । स्वास्थ्य सेवामा विपन्न तथा सिमान्तकृत समुदायको पहुँच कमजोर रहेको छ । स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको दक्ष स्वास्थ्य जनशक्तिको कमी रहेको छ । स्वास्थ्य संस्थामा आधुनिक स्वास्थ्य उपकरणको कमी रहेको छ । परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर न्यून रहेको छ । नियमित स्वास्थ्य परीक्षणको अभ्यास र स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ । वैकल्पिक स्वास्थ्य पद्धतिका योग तथा आयुर्वेदिक एवम् प्राकृतिक चिकित्सा आदि सम्बन्धमा जानकारी तथा अभ्यासमा कमी रहेको छ । महामारी तथा मौसमजन्य रोगको प्रकोप देखिने गरेको छ । विशेषज्ञ सेवा सहितको घुम्ती शिविरको कमीले गर्दा मानिसहरु रोग पालेर बसेको देखिन्छ ।

### ४.२.३ सोच

"गुणस्तरीय स्वास्थ्य सेवा, सहज पहुँच र स्वस्थ नगरवासी"

### ४.२.४ उद्देश्य

१. सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु ।
२. गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच कायम गर्नु ।
३. महामारीजन्य रोग एवम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्नु ।
४. आधारभूत स्वास्थ्य, पोषणका बारेमा प्रयाप्त सचेतना अभिवृद्धि गर्नु ।

### ४.२.५ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।
२. वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने ।
३. आर्थिक सामाजिक रुपमा पछाडी परेको वर्गका लागि स्थास्थ्य सेवामा पहुँच स्थापित गर्न विशेष व्यवस्था गर्ने ।
४. स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवर्द्धनका लागि अन्तर-सरकार, विकास साझेदार निकाय र निजी क्षेत्र बीच साझेदारी र सहकार्य गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आयोजनाहरूको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ० | ० | ० | ० | ० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात *समग्र जिल्लाको तथ्यांक* | प्रतिशत | ४.१ | ४.२ | ४.३ | ४.४ | ४.५ |

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ०.०२ | ०.०१ | ०.०० | ०.०० | ०.०० |
| क्षयरोग लाग्ने दर (प्रति लाखमा) | जना | ० | ० | ० | ० | ० |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | ४:१ | ४:२ | ४:३ | ४:४ | ४:५ |
| मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) *समग्र जिल्लामाको तथ्यांक* | प्रतिशत | ९४ | ९७ | ९८ | ९९ | १०० |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ८३ | ९१ | ९५ | ९८ | १०० |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | २९ | २९ | ५० | ५० | ९५ |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरिएका सबै खोप प्राप्त गर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ९९.९ | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ०.०२८ | १० | १० | १० | १० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५०० | ३८२५ | ६७५ | ० | ० | ३१३९ | १३६१ | ० |
| २०८१/८२ | ४७०० | ३९९५ | ७०५ | ० | ० | ३१७९ | १५२१ | ० |
| २०८२/८३ | ४९०० | ४१६५ | ७३५ | ० | ० | ३३८३ | १५१७ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | औषधि खरिद र अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रम | गाउँपालिकाको स्वास्थ्य अवस्था सुदृढ गर्ने । | आ .व. २०८०/०८१-आ.व. ०८२/०८३ | २००० | वार्षिक रुपमा ५६३२ जना स्वास्थ्य सेवाबाट लाभान्वित हुनेछन् । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पोषणको अवस्थामा सुधार ल्याउने | | १३०० | गाउँपालिकामा पोषणको अवस्थामा सुधार हुने । |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

यस गाउँपालिकाको प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा जोखिम रहेको छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानले आधारभूत खानेपानी तथा सरसफाईको हकलाई मौलिक हकका रुपमा उल्लेख गरेको छ । ताँजाकोट गाउँपालिकामा खानेपानीको समस्या देखिन्छ । यस गाउँपालिकामा एक घर एक धाराको अवधारणा अनुसार खानेपानी वितरण भएको छैन । जसमा ६१ प्रतिशत घर परिवारहरूमा धारा जडान गरिएको छ भने अन्य सार्वजनिक स्थलहरूमा समेत खानेपानी व्यवस्था गरी आधारभूत खानेपानीको पहुँचमा ६० प्रतिशत घरपरिवारहरू पहुँचमा रहेका छन् । यस गाउँपालिकामा ७ वटा खानेपानी उपभोक्ता समितिहरू रहेका छन् जसले पानीको व्यवस्थापन र सञ्चालनमा कार्य गरिरहेकाछन् । उच्च हिमाली जिल्लामा स्थित यस गाउँपालिकामा पानीका पर्याप्त मुहानहरू रहेका छन् । उक्त मुहानहरूको संरक्षण र प्रवर्द्धन गर्न सके स्वच्छ खानेपानीको सहज उपलब्धता हुने सम्भावना रहेको छ । यस गाउँपालिकामा ४० प्रतिशत घरधूरीमा शौचालय निर्माण भई प्रयोग भएको छ भने फोहोरमैला व्यवस्थापनलाई उचित प्रविधि मार्फत् व्यवस्थापन गर्नु पर्ने आवश्यकता रहेको छ । ताँजाकोट गाउँपालिकाको वडा नं ३ स्थित झूलखोला पञ्चवर्षीय खानेपानी आयोजना लगभग २.५ करोडको लागतमा बन्दैछ ।

### ४.३.२ समस्या तथा चुनौति

गाउँपालिकाका विभिन्न बस्तीहरूमा एकघर एकधारा उपलब्धता भएको भए पनि खानेपानीको गुणस्तर कायम हुन सकेको छैन र शुद्धीकरणको अभ्यासमा कमी रहेको छ । खानेपानीको गुणस्तर सुनिश्चितता गर्ने प्रशोधन संयन्त्रको कमी रहेको छ भने गुणस्तर परीक्षण गर्न आवश्यक जनशक्तिको पनि अभाव रहेको छ । गाउँपालिकामा वितरण गरिएका खानेपानीको पाईपहरूको व्यवस्थापन अव्यवस्थित रहेको छ । बजार क्षेत्रमा ढल निकासको पनि लागि व्यवस्थित पूर्वाधार तयार हुन सकेको छैन ।

### ४.३.३ सोच

"स्वच्छ र गुणस्तरीय खानेपानी, सबैको पहुँचमा खानेपानी"

### ४.३.४ उद्देश्य

१.स्वच्छ र गुणस्तरीय पानी उपलब्धता र वितरण प्रणालीलाई व्यवस्थित र दिगो गर्नु ।

२. बजारक्षेत्र र घनाबस्तीमा व्यवस्थित ढलनिकास प्रणालीको निर्माण गरी सरसफाई तथा स्वच्छता प्रवर्द्धन गर्नु ।

### ४.३.५ रणनीति

१. खानेपानी उपभोक्ता समितिहरूको क्षमता बृद्धिगरी गुणस्तरीय खानेपानी वितरण गर्ने ।
२. सबै वडाहरूमा खानेपानीको स्रोत तथा मूलहरूको संरक्षण र व्यवस्थापन गर्ने ।
३. छप्रेला तथा घना बस्ती भएका क्षेत्रमा एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| शौचालय भएका परिवार | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ |
| सुचारु खानेपानी आयोजना | संख्या | १५ | २० | २५ | ३० | ३५ |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| सार्वजनिक शौचालय | संख्या | ० | २ | ४ | ६ | ८ |
| गाउँपालिकाबाट नियमित फोहर संकलन हुने घरधुरी | प्रतिशत | ० | ० | ५ | १० | १५ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५३३४ | १०६७ | ४२६७ | ० | ० | ५०८८ | २४६ | ३५७ |
| २०८१/८२ | ५५४६ | ११०९ | ४४३७ | ० | ० | ५३३२ | २१४ | २६७ |
| २०८२/८३ | ५६९८ | ११४० | ४५५८ | ० | ० | ५६९८ | ० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| **क्र.सं.** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | झूलखोला खानेपानी आयोजना | स्वच्छ खानेपानीको मौलिक हकलाई कार्यन्वयन गर्नु । | सालबसाली | २५००० | गाउँपालिकाका २०० घर परिवारलाई स्वच्छ खानेपानी आपूर्ति गर्ने । |
| २ | रामा खानेपानी आयोजना रामा ताँजाकोट -३ | रामामा ५२ घरधूरीलाई खानेपानी उपलब्ध गराउनु । | सालबसाली | २००० | |
| ३ | राँडेपानी खानेपानी आयोजना रामा ताँजाकोट -५ | मदनामा १५१ घरधूरीलाइ खानेपानी उपलब्ध गराउनु । | सालबसाली | २००० | |
| २ | खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यक्रम | खानेपानी सुविधा विस्तार थप व्यवस्थित रुपमा सुचारु गराउनु । | सालबसाली | १००० | खानेपानी मर्मत सम्भार भएको हुने । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाबाट आवश्यक स्रोतको उपलब्धता हुनेछ । समयमा योजना सञ्चालन र खानेपानी उपभोक्ता समितिको सक्रियता रहने जसले गर्दा अपेक्षित नतिजा हासिल हुनेछ । तर जलवायु परिवर्तनबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन, तरल तथा फोहोरमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले महिला, बालबालिका तथा लक्षित वर्गको पक्षमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिएको छ । सङ्घीयताको कार्यान्वयनसँगै यस गाउँपालिकामा तर्जुमा भएका नीति, ऐन, गठन गरिने संरचनाहरू लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई ध्यान दिईएको छ । राष्टिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा ५९६४ जनसंख्या रहेको छ । महिलाको जनसंख्या ३०१६ रहेको छ । गाउँपालिकामा महिला सशक्तिकरण, आयआर्जन र नेतृत्व विकासमा ४ वटा महिला सहकारी र २ वटा वडामा बालक्लब र १ गाउँपालिका स्तरीय बाल सञ्जाल गठन भई विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । यस गाउँपालिकाको २८ प्रतिशत महिला जनप्रतिनिधिहरू निर्वाचित हुनु भएको छ भने गाउँ कार्यपालिकामा ३१ प्रतिशत महिलाको सहभागिता रहेको छ ।  गाउँपालिकाले महिला बालबालिका शाखा मार्फत् महिला सशक्तिकरणका लागि आयआर्जन तथा सीप विकास कार्यक्रम, महिलाका लागि रेडियो कार्यक्रम, लैङ्गिक हिंसा पीडितहरूका लागि दीर्घकालीन पुर्नस्थापन केन्द्रको व्यवस्थापन, अपागंता भएका व्यक्तिहरूका लागि जिविकोपार्जन तथा व्यावसायिक तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ ।

### ४.४.२ समस्या तथा चुनौति

भौगोलिक विकटता, शिक्षा, स्वास्थ्य र रोजगारीमा सहज पहुँचका कारण लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायका महिलाहरूको नेतृत्व पहुँचमा सन्तोषजनक छैन । संघ, प्रदेश र स्थानीय सरकारका प्राथमिकतामा आर्थिक, सामाजिक र राजनीति जस्ता क्षेत्रमा समावेशीता, महिला नेतृत्वको कल्पना गरियो तर अझै व्यवहारमा सन्तोषजनक उपस्थिति रहेको छैन । समाजमा लैङ्गिक हिंसा, बाल हिंसा, जेष्ठ नागरिक हिंसा, बाल श्रम शोषण, बाल विवाह, बहुविवाहका घटना विद्यमान् छन् । लक्षित वर्गको आत्मनिर्भरताका लागि आर्थिक अवसरको कमी रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण एवम् लैङ्गिक परीक्षणको अभ्यासमा कमी रहेको छ । बालमैत्री स्थानीय शासन लागू गर्नका लागि आवश्यक आधारहरू तयार हुन सकेका छैनन् । समान कामका लागि महिला पुरुषको ज्यालादरमा समान वितरणमा कमी रहेको छ । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा सचेतनामा कमी रहेको छ ।

### ४.४.३ सोच

" महिला र पुरुषमा समानता, ताँजाकोट समृद्धिको आधार"

### ४.४.४ उद्देश्य

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको आधारशिला तयार गर्नु ।
२. कुनै पनि प्रकारका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु ।
३. आर्थिक, सामाजिक र नेतृत्व तहमा समान अवसर सृजना गरी सशक्तिकरण गर्नु ।

### ४.४.५ रणनीति

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गर्ने ।
२. गाउँपालिकामा निर्माण गरिने सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपांगता क्षेत्रलाई सुनिश्चित हुने गरी नीति निर्माण गरिने ।
३. महिला, अपांगता भएका व्यक्ति, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।
४. सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ५ | ५ | ५ | ६ | ७ |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | ० | ० | ० | १ | १ |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | ० | ० | १ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | १ | १ | १ | १ | १ |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | ३२ | ३५ | ३८ | ४० | ४२ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ३३ | ३१ | ३५ | ३७ | ३९ |
| सहकारी क्षेत्रको नेतृत्वमा महिलाको सहभागिता | प्रतिशत | ५ | ५ | ६ | ८ | १० |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | २० | २२ | २५ | ३० | ३५ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८७५० | ७४३८ | १३१३ | ० | ० | ८२९६ | ४५४ | ३४७ |
| २०८१/८२ | ९०८७ | ७७२४ | १३६३ | ० | ० | ८५८० | ५०७ | २४७ |
| २०८२/८३ | ९९६९ | ८४७४ | १४९५ | ० | ० | ९४६३ | ५०६ | २१६ |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु । | सालवसाली | १९६९ | ज्येष्ठ नागरिक, दलित, एकल महिला, विधवा, पूर्ण तथा आंशिक अपागंता भएका व्यक्ति, दलित बालबालिका समेत लाभान्वित हुनेछन् । |
| २ | अपाङ्गता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामग्री र सचेतनामा वृद्धि गर्नु | सालवसाली | १३५० | १९२ जना अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचय पत्र पाइ सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् । |
| ३ | ज्येष्ठ | ज्येष्ठ नागरिकको | सालवसाली | १६५० | ५८४ जना ज्येष्ठ नागरिक प्रत्यक्ष |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | नागरिक संरक्षण कार्यक्रम | सम्मान र संरक्षण गर्नु । | | | लाभान्वित हुनेछन् । |
| ४ | बालबालिका र किशोकिशोरी कार्यक्रम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | १३५० | वार्षिक ३०८ जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ५ | लैङ्गिक हिंसा पिडितहरूका लागिदीर्घकालिन पुर्नस्थापन केन्द्रको व्यवस्थापन | हिंसामा परेको महिला र पुरुषहरूलाई पुर्नस्थापना केन्द्रमा व्यवस्थापन गरेर विभिन्न सीप सिकाई आत्मनिर्भर बनाउनु । | सालवसाली | १०५० | विभिन्न हिंसा पिडित २० जना लाई सीपसिकाई आत्मनिर्भर भएका हुनेछन् । |
| ६ | महिला सशक्तिकरण तथा अन्य कार्यक्रम | महिलाहरूको आर्थिक र सामाजिक सशक्तिकरणमा सहयोग पुऱ्याउनु । | सालवसाली | ३४३२ | वार्षिक १०० जना महिला लाभान्वित हुनेछन् र महिलाले प्रवर्द्धन गरेका ४ ओटा महिला सहकारी संस्थाको प्रत्यक्ष लाभान्वित हुनेछन्। |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

यस गाउँपालिकाले हालैका दिनमा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उल्लेखनीय उपलब्धी हासिल गरेको छ । खेलाडीका लागि एउटा खेलमैदान गाउँपालिका नजिकै निर्माणाधीन अवस्थामा रहेको छ । विद्यालयस्तरमा खेलकूदका कृयाकलापहरु नियमित मात्रामा हुने गरेका छन् । खेलाडीहरूका लागि नियमित अभ्यास, प्रतियोगिता गर्न सहज वातावरण भएमा यस क्षेत्रमा उत्कृष्ट खेलाडी सृजना हुने र मानिसहरुको शारीरिक, मानसिक, सामाजिक विकासमा उल्लेखनीय उपलब्धि हुने देखिएको छ ।

### ४.५.२ समस्या तथा चुनौति

युवाहरू अध्ययन र रोजगारीका लागि पलायन, खेलाडीहरूको प्रतिस्पर्धी क्षमतामा कमी, युवा बेरोजगारी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आकर्षण युवा तथा खेलकुद क्षेत्रका मुख्य समस्याहरू हुन् । खेल प्रशिक्षणमा कमी, खेलको व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चितताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतिपूर्ण रहेको छ ।

### ४.५.३ सोच

"युवाको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदको विकास"

### ४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील बन्ने वातावरण निर्माण गर्नु ।
२. गाउँपालिकालाई व्यावसायिक खेलकुदमा लाग्न प्रेरित गर्ने ।

### ४.५.५ रणनीति

१. खेलकुदमा लाग्न युवाहरूलाई प्रेरित गर्ने ।
२. खेलकुदका लागि आवश्यक नीति,पूर्वाधार र भेदभावरहित संरचना तयार गर्ने ।
३. खेलकुदलाई व्यावसायिक, रोजगारसँग जोडेर विकास र प्रवर्द्धन गर्ने ।
४. खेलाडीको पहिचान, प्रोत्साहन व्यवस्था गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | ८ | १० | १४ | १६ | २० |
| सक्रिय युवा परिषद् तथा युवा सञ्जाल | संख्या | २ | ४ | ६ | ८ | १० |
| स्तरीय खेलकुद मैदान | संख्या | ० | ० | १ | १ | २ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ५ | ७ | ९ | १० | ११ |
| आयोजना हुने खेलकुद प्रतियोगिता वार्षिक | पटक | १ | २ | ३ | ४ | ५ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२०० | ६०० | ६०० | ० | २६५ | २७ | ९०८ | ० |
| २०८१/८२ | १३९० | ६९५ | ६९५ | ० | २६६ | १११ | १०१४ | ० |
| २०८२/८३ | १४५० | ७२५ | ७२५ | ० | २६७ | १७२ | १०११ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | ऋवधि | कुललागत रु.हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | खेलकुद विकास तथा अन्य प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ३५९८ | ३०० युवाहरूमा खेलकुद प्रतिभाको विकास हुनेछ। |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

## ५.१ बस्ती विकास, आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

यस क्षेत्रमा जनसंख्या वृद्धिसँगै बस्ती विस्तारले बजार क्षेत्रमा गति लिएको छ । गाउँपालिकामा जस्ताको छाना भएको घरमा परिवारको संख्या ४० प्रतिशत रहेको छ भने आरसीसी ढलानको संख्या बढ्दै गएको छ । गाउँपालिकामा भवन मापदण्डको अभ्यास शुरु भए पनि प्रभावकारी हुन सकेको छैन । बस्तीहरू दिनानुदिन विस्तार तथा छप्रेला जस्ता क्षेत्रमा घना हुँदै गएका छन् । सडक, विद्युत्, सञ्चार, बजार, पार्क, खेलमैदान, ढलनिकास, फोहोर व्यवस्थापन जस्ता शुरुवाती अभ्यासले शहरीकरण हुँदै गएको यस क्षेत्रको विकासलाई पछ्याई रहेको छ । गाउँपालिकाले भवन निर्माण मापदण्ड र घरनक्सा पासलाई व्यवस्थित रुपमा लिने हो भने गाउँपालिकाको आन्तरिक स्रोतमा वृद्धि हुने सम्भावना रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौति

ताँजाकोट गाउँपालिका बजारीकरण र व्यावसायिक उन्मुख भएकाले अव्यवस्थित बसोबास प्रमुख चुनौति रहेको छ । गाउँपालिका विकास आधारका रुपमा रहेका मापदण्डलाई अभ्यासको कमी रहेको छ । छप्रेला जस्ता बजार क्षेत्रमा भवन निर्माण मापदण्ड नहुनु एक नीतिगत समस्या रहेको देखिन्छ । बजार क्षेत्रमा व्यवस्थित शहरीकरणका आवश्यक आधारहरू तयारी एवम् कार्यान्वयनमा कमी रहेको छ । एकीकृत तथा व्यवस्थित बस्ती विकासको अभ्यास कमी रहेको छ । फोहोरमैला व्यवस्थापन र अव्यवस्थित शहरीकरणको अवस्था नियन्त्रण हुन सकेको छैन । स्वच्छ खानेपानी, सरसफाई, सार्वजनिक शौचालय र फोहोर व्यवस्थापनको अवस्था सबै क्षेत्रमा सन्तोषजनक रुपमा हुन सकेको छैन । नयाँ निर्माण भएका आवासीय घरहरू समेत भूकम्प प्रतिरोधी रुपमा निर्माण गर्ने कार्य नियमित हुन सकेको छैन । भूकम्प प्रतिरोधी तथा अझ बलियो निर्माण सम्बन्धी प्रविधि प्रयोग र दक्ष मानव संशाधनको कमी रहेको छ । हालैका दिनहरुमा भूकम्पको धक्का ताँजाकोट नजिकै बाजुरा जिल्लाको बिच्छ्या र कोल्टी क्षेत्रमा बढेकाले भूकम्प प्रतिरोधी घर निर्माणमा जोड दिनुपर्ने देखिन्छ । परम्परागत बस्तीहरूमा सडक तथा भवन लगायतका मापदण्डको कार्यान्वयन कठिन रहेको छ ।

### ५.१.३ सोच

"व्यवस्थित भूकम्प प्रतिरोधी, जोखिम रहित संरचना र सुरक्षित आवास "

### ५.१.४ उद्देश्य

१. भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गराउनु ।

### ५.१.५ रणनीति

१. जमिनको प्रभावकारी उपयोग हुने गरी आवासको लागि आवश्यक जग्गा लगायत योजनाबद्ध भौतिक पूर्वाधार सेवाको एकीकृत रुपमा विकास गर्ने ।
२. भवन संहिता मापदण्डको लागू गर्ने ।
३. भौतिक संरचना र शहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ६० | ०.६ | ०.७ | ०.८ | ०.९ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | १४ | १६ | १८ | २० | २२ |
| घरबाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | ० | ० | ० | ० | २ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ७० | ३५ | ४० | ४५ | ५० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र स्रोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २३३४ | ११७ | २२१७ | ० | ६६३ | -५९८ | २२६९ | ० |
| २०८१/८२ | २४८९ | १२४ | २३६५ | ० | ६६४ | -७१० | २५३४ | ० |
| २०८२/८३ | २५४८ | १२७ | २४२१ | ० | ६६६ | -६४७ | २५२८ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत रु.हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यवस्थित बनाउनु । | सालबसाली | ६०२१ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ । |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

यस ताँजाकोट गाउँपालिकामा सडक तथा भवनको मापदण्ड तयार तथा पूर्ण कार्यान्वयन हुनेछ । भू-उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा बृद्धि हुनेछ । यो नीतिगत र व्यावहारिक रुपमा मापदण्डको कार्यान्वयन भएन भने बस्ती विस्तारका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि हुने जोखिम रहेको छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाका ५ वटै वडाहरूमा धुले सडक सञ्जाल विस्तार भएको छ । गाउँपालिकाको केन्द्रमा कुवाडी जिरो प्वाईन्ट सडकदेखि दातृ निकायको सहयोगमा कालोपत्रे गर्ने भनी सर्वेक्षणको काम सम्पन्न भएको छ । यस गाउँपालिकाले कर्णाली कोरिडोरलाई छोएको छ । करिब ४ घण्टा गाडीको दूरीमा बाजुरा जिल्ला स्थित कोल्टी एयरपोर्ट अवस्थित छ । हाल गाउँपालिकामा करिब ३० किलोमिटर धुले सडक रहेको छ । कच्ची सडक मार्फत् सुर्खेत र नेपालगञ्ज लगायत शहरमा जाने सुविधा पनि उपलब्ध रहेको छ । यस गाउँपालिकाको धुले सडकलाई स्तरोन्नति गर्न पहल गर्ने काम भएको छ । गाउँपालिकामा करिब १५ वटा बोलेरो, बन्दबडी लगायत सवारी साधनहरुले सेवा दिए तापनि भरपर्दो, सुलभ, सुरक्षित सवारी साधनको अभाव छ । त्यस्तै बाजुरास्थित यातायात समितिहरुको 'सिन्डिकेट', 'मनपरी' प्रमुख समस्या रहेका छन् । त्यस्तै, सवारीसाधनको संख्या बढ्दै गए पनि ती साधनका लागि आवश्यक बसपार्क तथा प्रशस्त र व्यवस्थित पार्किङ स्थलहरूको कमी रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौति

सडक सञ्जालको विस्तार सबै बस्तीहरू सम्म विस्तार भएता पनि सडक व्यवस्थित नहुनु मुख्य चुनौति रहेको छ । निर्माण गरिएका सडकहरूको चौडाई कम भएकाले एम्बुलेन्स सञ्चालनका लागि समस्या भएको देखिन्छ । ग्रामीण स्तरमा कृषि प्रयोजनका लागि बनाईएका सडकहरूको गुणस्तरीयता अत्यन्त कमजोर रहेको छ । अधिकांश सडकमा हिँउदमा धुलो र वर्षामा हिलो हुने गरेको देखिन्छ । पक्की सडक रहेका क्षेत्रमा नियमित मर्मत सम्भार नहुने र सडक बिग्रने प्रवृति रहेको छ । सडक निर्माण सँगै सहायक संरचनाका रुपमा नाली तथा सडकपेटी निर्माणको अभ्यासमा कमी रहेको छ । सडक अधिकार क्षेत्रको अतिक्रमण, बाटोमा निर्माण सामग्री थुपार्नु लगायतका कारणले समेत सवारी साधन तथा पैदलयात्रीहरूलाई विभिन्न खालका समस्या हुने गरेको छ ।

### ५.२.३ सोच

“सुरक्षित यातायात, बाह्रै महिना चल्ने गुणस्तरीय सडक पूर्वाधार ”

### ५.२.४ उद्देश्य

१. यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाई बाह्रै महिना आवागमनलाई सहज बनाउनु ।
२.सबै वडामा सडक यातायातको भरपर्दो सुविधा तयार गर्नु ।

### ५.२.५ रणनीति

१. गाउँपालिकाका यातायात सेवा सुरक्षित, दिगो र व्यवस्थित बनाउनका लागि निजि, सार्वजनिक साझेदारी गर्ने ।
२. सडक गुरुयोजना तयार गरी सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने ।
३. सडक विकासमा अन्तर स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकार, दातृ निकायसँग सहकार्य समन्वय गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | २०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमी वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ० | ० | ० | २० | ३० |
| कंक्रिट सडक | कि.मि. | ० | ० | १ | २ | ३ |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | १ | २ | ३ |
| ग्राभेल सडक | कि.मि. | ० | ० | १ | २ | ३ |
| मिश्रित सडक | कि.मि. | ० | ० | १ | २ | ३ |
| धुले सडक | कि.मि. | १० | १२ | १४ | १५ | ४० |
| कुल सडक लम्बाई | कि.मि. | १० | १२ | २० | ३५ | ५० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २३३४ | ७० | २२६४ | ० | ० | -३०३४० | ३२६७४ | ० |
| २०८१/८२ | २४३५ | ७३ | २३६२ | ० | ० | -३४०५८ | ३६४९३ | ० |
| २०८२/८३ | २५४६ | ७६ | २४७० | ० | ० | -३३८६३ | ३६४०९ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

| क्रस | आयोजना/कार्यक्रम वा उप-क्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक स्तरोन्नति कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु । | सालबसाली | ६७४९ | सडकको गुणस्तर राम्रो हुनेछ । |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय, प्रदेश र स्थानीय सरकार बीच समन्वय प्रभावकारी भएको हुनेछ । सालबसालीरुपमा तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठभूमि

ताँजाकोट गाउँपालिकामा आ.व.०७८/०७९ मा साना जल विद्युत् उत्पादन कर्पुखोला जलविद्युत् आयोजना कादुरी संस्थाको सहयोगबाट सम्पन्न भएको छ। जसबाट लगभग १२० किलोवाट विद्युत् उत्पादन भएको छ। विद्युत् नपुगेको स्थानमा संस्थागत सौर्य ऊर्जा उत्पादन गरिएको छ। त्यसैगरि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोग र गाउँपालिकाको सहयोगमा सोलार प्यानेलबाट विद्युत् उत्पादन तथा गराईएको छ।

### ५.३.२ समस्या तथा चुनौति

बढ्दो जलवायु परिवर्तन साथै अधिक मात्रामा भएको वनजंगल फडानी र वातावरणीय प्रभाव मूल्यांकन नगरी विकास निर्माण कार्यले गर्दा मूलहरू दिनानुदिन सुक्दै गइरहेको छ। जसले तत्कालका लागि धैरै समस्या निम्त्याएता पनि दीर्घकालीन रुपमा खानेपानी र विद्युत् आपूर्तिका लागि ठुलो चुनौतिको रुपमा रहेका छन्। गाउँपालिकामा बाह्र वर्षदेखि वडा नम्बर १ मा रहेको नौमा जलविद्युत् उत्पादन हुन नसक्नु , उत्पादित बिजुली त्यसै खेर जानु चुनौतिको रुपमा रहेका छ।

### ५.३.३ सोच

"विद्युत् उत्पादन र त्यसको अत्यधिक उपयोग"

### ५.३.४ उद्देश्य

१. पानीका मुहानहरूलाई संरक्षण र दिगो उपयोग गर्नु।
२. कुवाडी खोलाबाट बत्ती उत्पादन गर्नु।
३. सबै क्षेत्रमा जलविद्युत् सुविधा विस्तार गर्नु।

### ५.३.५ रणनीति

१. पर्याप्त पानीको सम्भावना रहेको हुँदा एकघर एकधारा कार्यक्रमलाई संघ,प्रदेश र स्थानीय तहको सहयोग र समन्वयमा संचालन गर्ने।
२. पर्याप्त विद्युत् उत्पादन गर्न सरोकारवाला निकायसँग साझेदारीका लागि पहल गर्ने।
३. विद्युत् जडान गर्न नसक्ने अति विपन्न घरधुरीलाई अनुदानमा विद्युत् जडान गर्ने।
४. विद्युत् खपत बढाउने र
५. जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र संवर्द्धनमा समुदायको क्षमता विकास गरी परिचालन गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | २०८२/८३ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | १०० | १०० | ९८ | ९७ | ९६ |

| सूचक | एकाइ | गत आ.व. ०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | २०८२/८३ |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ०.१ | ०.२ | ०.३ |
| खाना पकाउन र पानी तताउन विद्युत् प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ० | ०.१ | ०.२ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलश्रोत, विद्युत् तथा वैकल्पिक उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत  छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २३३४ | ११७ | २२१७ | ० | ५३० | १८०४ | ० | ० |
| २०८१/८२ | २४३६ | १२२ | २३१४ | ० | ५३१ | १९०५ | ० | ० |
| २०८२/८३ | २५४९ | १२७ | २४२२ | ० | ५३३ | २०१६ | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्रसं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागतरु.हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सौर्य सडक बत्ती व्यवस्थापन कार्यक्रम | सहज आवागमन तथा दुर्घटना नियन्त्रण गर्नु । | ०८०/८१ देखि ०८२/८३ | २४७३ | गाउँपालिकाका छप्रेला लगायत बजारमा १० वडा सडकबत्ती जडान गर्ने |
| २ | सुधारिएको फलामे चुलो अनुदान कार्यक्रम | जैविक उर्जाको खपत तथा वातावरण प्रदुषण कम गर्नु । | ०८०/८१ देखि ०८२/८३ | ४३९७ | ३०० घर परिवारलाई फलामे चुल्से उपलब्ध गराउने । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चितता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । बढ्दो शहरीकरण र जनसंख्या बृद्धि, जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने जोखिम रहेको छ ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

गाउँपालिकामा मोबाइल, टेलिभिजन तथा इन्टरनेट सुविधा त्यति विश्वसनीय, भरपर्दो, सर्वसुलभ हुन सकेको छैन । फोर जी इन्टरनेटको लागि टावर जडान भएपनि विभिन्न समस्याले हालसम्ममा गाउँपालिका फोर जी नेटवर्कमा जोडिन सकेको छैन । पछिल्लो समय विद्युतीय सूचना प्रविधिको विस्तार तथा उपयोगमा बृद्धि भएको छ । गाउँपालिका, विद्यालय, बैंकमा ईन्टरनेट सेवाको प्रयोगमा बृद्धि भईरहेको छ भने गाउँपालिकाका ग्रामीण क्षेत्रमा वडा कार्यालय, गाउँपालिका, माध्यमिक विद्यालय मार्फत् डकुमेन्ट पठाउने तथा सामाजिक सञ्जालमा जोडिने क्रम बढेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

सूचना प्रविधिको उपयोग सही तथा सृजनशिल क्षेत्रमा भन्दा अन्यत्र प्रयोग बढी हुँदै गएको छ । मोबाइल , टेलिभिजन तथा इन्टरनेट सुविधामा सबै गाउँपालिकावासीको प्रत्यक्ष पहुँच पुग्न सकेको छैन । विपन्न वर्गका लागि आधुनिक सूचना प्रविधिका उपयोग कठिन रहेको छ । शिक्षा, स्वास्थ्य, व्यवसाय, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको व्यावहारिक उपयोगमा कमी रहेको छ । सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन ।  उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर ब्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन समय लाग्ने देखिन्छ ।

### ५४.३ सोच

" फोर जि नेटवर्कमा पहुँच"

### ५.४.४ उद्देश्य

१. सर्वसुलभ र गुणस्तरीय सूचना प्रविधिको विस्तार, सहज पहुँच र उपयोगमा वृद्धि गर्नु ।

### ५.४.५ रणनीति

१. गाउँपालिकाका सबै वडाहरूमा सूचना प्रविधिको सञ्जाल विस्तार गरी डिजिटल गाउँपालिकाका रुपमा विकास गर्ने ।

२.सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्दै गाउँपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवालाई अनलाईनमा रुपान्तरण गर्ने ।

३. गाउँपालिकामा एक सूचना केन्द्र स्थापना गरी एकीकृत रुपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ० | ० | १ | ५ | १० |
| गाउँपालिकामा सञ्चालित | संख्या | ३ | ४ | ५ | ७ | ८ |

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | | | | | | |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| ईमेल अकाउन्ट बनाई प्रयोग गर्ने कर्मचारी | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० |
| ईमेल अकाउन्ट भई प्रयोग गर्ने जनप्रतिनिधि | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५०० | १५० | १३५० | ० | ० | ५३० | ९७० | ० |
| २०८१/८२ | १६५८ | २४९ | १४०९ | ० | ० | ५३१ | ११२७ | ० |
| २०८२/८३ | १७८० | २६७ | १५१३ | ० | ० | ५३३ | १२४७ | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधि प्रवर्द्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु । | सालबसाली | ३५०९ | कार्यपालिका कार्यालय, १२ विषयगत शाखा र ५ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ । |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ५ : वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन, हरियाली तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

गाउँपालिका चारैतिर डाँडा काँडाहरूले घेरिएका स्थानहरूमा समशितोष्ण कोणधारी जंगल रहेको छ। गाउँपालिकाभित्र १९ वटा सरकारी संरक्षित वनले ८०९७ हेक्टर क्षेत्रफल ओगटेको र १८ वटा सामुदायिक वन १७१६ हेक्टर क्षेत्रफलमा रहेको देखिन्छ। ती मध्ये ११३००हेक्टर वन तथा चरण क्षेत्र र ९१८ हेक्टर नदीनालाले ओगटेको छ । हरियालीयुक्त वातावरण रहेको र स्थानीय रैथाने जातका रुख विरुवा भएको कारणले पनि गाउँपालिकाको वातावरण हराभरा, स्वच्छ र सफा देखिन्छ । वन संरक्षणको लागि हरेक वडाहरूमा सामुदायिक वन समितिबाट जंगल संरक्षण गरी वन पैदावारको समुचित प्रयोग गर्ने प्रयास गरिएको छ । सिस्या गिठ्यान, जोगिनडाँडा, भोग्नसाम, हुलगाड, रानीकोट सामुदायिक वन, सिरुपाटा, काउला र डोप्के, गुम्चमार्सी कुरिल्ला, मेलाकट्टे सारी, खण्डारे डप्क, कैलामाडौं-सेरी, बाँझपुट्टा-लोडपाटा, रानीघाम ताप्न पाल्त क्षेत्रमा वन संरक्षण गर्नुपर्ने देखिन्छ ।

### ६.१.२ समस्या तथा चुनौति

यस गाउँपालिकामा बढ्दो जनसंख्याका कारण वन जंगललाई गरा (बारी)को रुपमा प्रयोग गर्ने कार्य तीव्र भएको छ । वनजंगल फँडानी गरेर पाखो बारी तयार पारिनु, काठ दाउराको प्रयोगका लागि रुख विरुवा काट्नु, घर निर्माण गर्दा काठदाउराको अत्यधिक प्रयोग हुनु, वन जंगलमा आगलागी लगायतका समस्याबाट वन दिन प्रतिदिन विनास हुने क्रममा रहेको छ । आगलागीबाट वर्षेनी वन जलेर नोक्सान हुनेक्रम रोकिएको छैन । जथाभावी काठ दाउराको रुपमा वन जंगलको प्रयोगका कारण वन विनास भई रहेको छ । वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन । जलवायु परिवर्तनका कारण केही कमजोर क्षेत्रमा पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेकोछ भने स्थानीयबासीहरू वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको बारेमा सचेत हुन सकेका छैनन् ।

### ६.१.३ सोच

"व्यवस्थित वन, जलाधार तथा पर्यावरणको संरक्षण"

### ६.१.४ उद्देश्य

१. जलवायू अनुकूलनका विषयमा सचेतना र वन पैदावारको प्रयोग र संरक्षणमा जोड दिनु,
२. वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु,
३. गाउँपालिका भित्रका वनहरूको दिगो व्यवस्थापन मार्फत् वनबाट प्राप्त अवसरहरूको समानुपातिक वितरण गर्नु

### ६.१.५ रणनीति

१. एकघर एकबिरुवाको अवधारणा कायम राख्दै जैविक विविधताको संरक्षण र हरियाली शहर, हरित सडक निर्माण गर्ने ।
२. वन जंगलको संरक्षण गरी जैविक विविधता कायम राख्न हरियाली गाउँ घोषणा गर्ने ।
३. नांगा डाँडा पाखाहरूमा रुख विरुवा लगाउने ।

४. उत्पादन वन पैदावारबाट उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सामुदायिक वन | संख्या | १८ | १८ | १८ | १९ | १९ |
| पार्क तथा उद्यान | संख्या | १ | २ | २ | ३ | ३ |
| संरक्षित तालतलैया | संख्या | १ | १ | १ | १ | १ |
| वृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | १९ | १९ | १९ | १९.२५ | १९.५० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली तथा जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८० | ८ | ७२ | ० | ० | ८० | ० | ० |
| २०८१/८२ | ८६ | ९ | ७७ | ० | ० | ८६ | ० | ० |
| २०८२/८३ | ९० | ९ | ८१ | ० | ० | ९० | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | वन, हरियाली तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | वृक्षरोपण,हरियाली क्षेत्र विस्तार, जैविक विविधता संरक्षण तथा वनको दिगो व्यवस्थापन गर्नु । | सालबसाली | १३७ | सामुदायिक वनहरूमा दिगो व्यवस्थापन मार्फत् प्राप्त वन पैदावारबाट जीविकोपार्जन तथा रोजगारीमा सहयोग हुनेछ । |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

नेपाल सरकार र स्थानीय तहहरूका वन संरक्षण सम्बन्धी नीति, कानून, योजना र कार्यक्रम सहितको व्यवस्थाले समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

हुम्ला जिल्लाको पुछारको रहेको गाउँपालिका वातावरणीय रुपमा निकै सुन्दर छ । बस्ती विकास र फोहोरमैलाको उचित व्यवस्थापन गरि सफा, स्वच्छ र सुन्दर गाउँपालिका निर्माणका आधारहरू रहेका छन् । अधिकांश क्षेत्र ग्रामीण रुपमा रहेको गाउँपालिकाका केही मुख्य क्षेत्रमा बजारीकरणको बढ्दो प्रभाव परेको देखिन्छ । सानो क्षेत्र, थोरै जनसंख्या, स्थानीय सरकार जनताको बढी अपेक्षा, सीमित स्रोत साधनको उपलब्धताका कारण गाउँपालिकाको फोहोरमैला व्यवस्थापन मुख्य चुनौतीको रुपमा रहेको छ । यस गाउँपालिकामा फोहरमैला व्यवस्थापनका लागि ल्यान्डफिल्ड साइट रहेको छैन ।

### ६.२.२ समस्या तथा चुनौती

शहरीकरण उन्मुख र फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु, आयातीत मदिराजन्य फोहोरको उचित व्यवस्थापन नहुनु, सीमित स्रोत साधनका कारण फोहर संकलन तथा स्रोतमै वर्गीकरण, प्रशोधन र व्यवस्थापन गर्न नसक्नु महत्वपूर्ण चुनौतिका रुपमा रहेको छ । यो सँगै स्थानीय नागरिकहरूमा सचेतनाको कमी, स्थानीय सरकारको नै जिम्मेवारी हो भन्ने मानसिकता, आनीबानी परिर्वतन हुन नसक्नु, पर्याप्त स्रोत साधनको अभाव जस्ता समस्या रहेका छन् । गाउँपालिकाको वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरी फोहर मैला व्यवस्थापनको दिगो समाधान हुन सकेको छैन । फोहोरमैलालाई प्रत्येक घरबाट नै फोहोरको वर्गीकरण गरी शून्य फोहोरको अवधारणा अनुसार कुहिने, नकुहिने, सिसाजन्य, फलाम, कागज, धातु, काठ, कपडा र प्लाष्टिकजन्य फोहोरलाई व्यवस्थित गरी वातावरणलाई स्वच्छ, हरियाली र सफा राख्नु चुनौतिका रुपमा रहेको छ ।

### ६.२.३ सोच

“फोहोरको दिगो व्यवस्थापन, स्वच्छ ,सुन्दर र हरियाली गाउँपालिका”

### ६.२.४ लक्ष्य र उद्देश्य

१. गाउँपालिकालाई स्वच्छ, सफा र हराभरा गराउनु ।
२. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी प्रविधिमैत्री फोहोरमैला व्यवस्थापन र आन्तरिक अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु ।

### ६.२.५ रणनीति

१. आधुनिक, दिगो र उपयुक्त ल्याण्डफिल्ड साईटको व्यवस्था गर्ने ।
२. प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन तथा व्यवस्थापनको वैकल्पिक व्यवस्था गर्ने ।
३. फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी प्रशोधन गर्न सार्वजनिक निजी साझेदारी गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. | चालु आ.व. | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|
| ल्यान्डफिल्ड साइट ( अस्थाई) | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | १ | १ | २ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८५ | ९० | ९५ | ९८ | १०० |
| स्रोतमा नै फोहर वर्गीकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ५ | १० | १५ |
| सजल व्यवस्थापन केन्द्र(अस्थायी | संख्या | ० | ० | ० | १ | १ |
| डस्टविन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ५ | १० | १५ |

## ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८० | ४० | ४० | ० | २६५ | ८० | ० | ० |
| २०८१/८२ | ९० | ४५ | ४५ | ० | २६६ | ९० | ० | ० |
| २०८२/८३ | ८८ | ४४ | ४४ | ० | २६७ | ८८ | ० | ० |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहोरलाई शून्यमा ल्याएर सफा, स्वच्छ सुन्दर गाउँपालिका बनाउनु । | सालबसाली | ६४९ | दैनिक फोहोर मैलाको संकलन तथा व्यवस्थापन गरी स्वच्छ, सफा गाउँपालिका हुने छ । |

## ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाको फोहरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी, उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिताको अवस्था भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

ताँजाकोट गाउँपालिका बहु-प्रकोपको दृष्टिले अत्यन्त जोखिममा रहेको छ । यस गाउँपालिकामा आगलागी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, लागयतका प्राकृतिक तथा मानवीय प्रकोपका घटना दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । गाउँपालिका भित्र मुख्य डाँडाहरूमा सडक बाटो खन्नु, वन जंगलको विनाश हुनु, सचेतनाको कमी, लापरवाहीपूर्ण व्यवहारका कारण प्रकोपबाट प्रभावितहरूको संख्या बढ्दै गई रहेको छ । विपद्को समयमा गरिने खोज तथा उद्धार र विपद् पश्चात् हुने पुनः निर्माण तथा पुनः स्थापनाका कार्यलाई जोड दिन विपद् जोखिम न्यूनीकरण तर्फ गाउँपालिका अग्रसर रहेको छ । २०७६ सालमा ताँजाकोट गाउँपालिकाको वडा नम्बर १ मा आगलागी भएर लाखौंको क्षति भएको थियो । त्यस्तै, गत सालको एक हप्ताको लगातारको वर्षाले यस गाउँपालिकामा उल्लेख्य क्षति गरेको थियो ।

### ६.३.२ समस्या तथा चुनौति

योजना तर्जुमा गर्दा भौतिक विकासलाई बढी प्राथमिकता दिएको देखिन्छ तर विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई मूलधारमा ल्याउने सकिएको छैन । गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणमा भन्दा विपद् व्यवस्थापनमा जोड दिईनु पनि अर्को समस्या रहेको छ । अधिकांश ग्रामीण बस्ती रहेका र बस्ती सम्म सजिलै दमकल जाने बाटो नहुदाँ पनि आगलागी नियन्त्रणमा समस्या रहेको छ । विपद् जोखिम व्यवस्थापनको लागि आवश्यक खोज तथा उद्धार सामग्री प्रयाप्त नहुनु, सचेतनाको कमी र पुराना घरहरू भत्किने जोखिम रहेको देखिन्छ । भूकम्पीय जोखिम उच्च रहेका कारण बन्ने घरहरू भूकम्प प्रतिरोधि बनाई कुनै पनि विपद् पूर्व तयारीको लागि आपत्कालीन प्रतिकार्य योजना तयारीमा कमी रहेको छ । विपद् जोखिम सम्बन्धी सूचना संकलन तथा सञ्चार प्रणालीको कमी तथा योजना र रणनीतिहरूमा विपद् जोखिम सूचनाको एकीकरण नहुनुका कारण केही हदसम्म विपद् जोखिम व्यवस्थापनमा संस्थागत तयारीको कमी देखिन्छ । वातावरण संरक्षण, वृक्षरोपण, तटबन्ध, नदी नियन्त्रण कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुनु, विपद् जोखिम व्यवस्थापन र जलवायू अनुकूलनका कार्यक्रमहरू स्थानीय, बस्तीस्तरबाट योजना छनौटको अभ्यास नहुनु यस सम्बन्धित नीति नियमहरूको प्रभावकारी कार्यान्वयनमा कमी रहेको देखिन्छ । पूर्व मनसुन र मनसुनको समयमा मनसुनी वर्षाले नियमित रूपमा असिना, हावाहुरी, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि जस्ता समस्या सिर्जना गर्ने गरेको छ । गाउँपालिकाका विभिन्न क्षेत्रमा सडक निर्माणका लागि डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतीबारी र वन क्षेत्रमा पुग्ने समस्या बढदै गएको छ ।

### ६.३.३ सोच

"प्रकोप व्यवस्थापनमा पूर्वतयारी, प्रतिकार्य र रोकथामका लागि सक्षम गाउँपालिका"

### ६.३.४ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी पूर्वतयारी, प्रतिकार्य, रोकथाम र व्यवस्थापनका लागि नीतिगत र संरचनागत व्यवस्था गर्नु ।
२. विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व सूचना प्रणाली स्थापना तथा सुदृढ गर्नु ।

### ६.३.५ रणनीति

१. गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरी आवश्यक व्यवस्थापन गर्ने ।

२. विपद्बाट हुने क्षति कम गर्न तथा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रकोप नक्शांकन, जोखिम आँकलन तथा पूर्वतयारी गर्ने ।
३. विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका कार्यक्रमहरू तयार गरी सञ्चालन गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.२०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व.२०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति(विगत ३ वर्षको) घाइते समेत | संख्या | १ | १ | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्धार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | १ | १ | २ | ३ | ६ |
| विपद्बाट वार्षिक क्षति ( जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ति) | रु. करोड | ४ | १ | २ | १ | ०.५ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामूहिक आश्रयस्थल | संख्या | ५ | ६ | ७ | ८ | ९ |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | ० | ४०० | ६०० | ७०० | ८०० |
| तत्काल राहत प्राप्त गर्ने प्रकोप पीडित नागरिक | प्रतिशत | ३४४ | २५६ | २४५ | २११ | १८९ |
| प्रकोप जोखिम क्षेत्र | संख्या | ८९ | ७५ | ५४ | ४४ | ३६ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु प्रकोप न्यूनीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०० | ४० | ६० | ० | ० | १०० | ० | ० |
| २०८१/८२ | ११० | ४४ | ६६ | ० | ० | ११० | ० | ० |
| २०८२/८३ | १२० | ४८ | ७२ | ० | ० | १२० | ० | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिबृद्धि गर्नु । | सालबसाली | ३०१ | विपद्बाट हुने क्षतिमा वार्षिक ६८ प्रतिशत कमी भएको हुनेछ । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

विपद् व्यवस्थापनको कार्यमा स्थानीय सरकारले तयार गरेको नीति, कार्यक्रम र संस्थागत संरचना, विपद् पूर्व तयारी, प्रतिकार्य र रोकथाम र व्यवस्थापनका लागि कार्यहरू कार्यान्वयन हुनेछ । स्थानीय सरकारले विकास साझेदार, समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्यमा अभिबृद्धि गरेको हुनेछ । विपद् व्यवस्थापन योजनाको तर्जुमा र सोही बमोजिम बजेट विनियोजन तथा आयोजनाको कार्यान्वयन भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर र अन्य विपद् जोखिममा बृद्धि र उत्खनन् तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् ।

# परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानको व्यवस्थापन अनुसार यस गाउँपालिकाले नीति, कानून, संरचनामा स्थानीय सरकारको अभ्यास गरेको छ । स्थानीय विकास प्रक्रिया र सेवा प्रवाह र प्रशासनलाई चुस्त, पारदर्शी र जवाफदेही बनाउन ऐन १३ वटा, कार्यविधि , नियमावली , निर्देशिका, आचारसंहिता, नीति र मापदण्ड ४० वटा गरी जम्मा ५३ वटा स्थानीय कानूनहरू तर्जुमा गरी राजपत्रमा प्रकाशन गरिएको छ । गाउँपालिकाले शिक्षा ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, कार्यसम्पादन नियमावली, न्यायिक समितिको उजुरी कार्यविधि सम्बन्धमा बनेको ऐन, विपद् व्यवस्थापन ऐन, बजार अनुगमन लगायतका क्षेत्रमा कानूनहरू तर्जुमा गरी कार्यान्वयन गरेको छ । गाउँपालिकामा न्यायिक समिति गठन भई कार्य सम्पादन गर्दै आएको छ । ५ वडा स्तरीय मेलमिलाप केन्द्रहरू स्थापना भएका छन् र तालिम प्राप्त मेलमिलापकर्ताहरु बाट विवादको समाधान गरिदै आएको छ । न्यायिक समितिमा जम्मा २३ वटा उजुरी दर्ता भै (आ.व २०७९/८० सम्म) फछ्र्यौट भएका छन् । यस आ.व २०७९/८० मा जम्मा ५ वटा उजुरी दर्ता भएका छन् जसमध्ये २ वटा उजुरी फछ्र्यौट भएको छ भने ३ वटा निरुपणको प्रकियामा रहेका छन् । यस आ.व.मा मेलमिलापकर्ता, गाउँ कार्यपालिका सदस्यहरुलाई तालिम कार्यक्रम सम्पन्न भएको छ ।

### ७.१.२ समस्या तथा चुनौति

गाउँपालिकाको प्रशासकीय भवन सम्पन्न भईरहेको छ हाल अस्थायी टहराबाट गाउँ कार्यपालिकाको काम सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । सबै वडामा व्यवस्थित वडा कार्यालय निर्माण भइ सकेको छ । स्थानीय तहमा कार्यक्रम बजेट प्रणाली लागू हुन नसक्दा विषयगत क्षेत्र तथा उप-क्षेत्रगत रुपमा कार्यक्रम तर्जुमा हुन सकेको छैन । मापदण्ड अनुसार योजना अनुशासनको अभ्यास संस्थागत गर्न आवश्यक छ । श्रोत, साधन तथा दक्ष जनशक्तिको तयार गरी सुशासन, विकास तथा समृद्धिका लक्ष्य हासिल गर्ने सम्भावना रहेको छ ।

### ७.१.३ सोच

"स्वच्छ, निष्पक्ष, जनउत्तरदायी प्रशासन र पारदर्शी सेवा प्रवाह"

### ७.१.४ उद्देश्य

१. गाउँपालिकाको सेवा प्रवाह सरल, सहज छरितो र जवाफदेही बनाउनु ।
२. न्याय प्रशासनलाई स्वच्छ, निस्पक्ष र पारदर्शी बनाउनु ।

### ७.१.५ रणनीति

१. गाउँपालिकामा तर्जुमा हुने नीति, कानून, निर्णयलाई सहभागितात्मक रुपमा तर्जुमा गर्ने

२. सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने,

३. न्यायमा नागरिकको पहुँचका लागि सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने,

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७५ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | २२ | २२ | २९ | ३५ | ४० |
| १. नीति | विषय | २ | ४ | ६ | ८ | १० |
| २. ऐन | विषय | ४ | १३ | १६ | २० | २५ |
| ३. नियम तथा विनियम | विषय | ३ | ८ | ११ | १५ | १६ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | २ | ९ | १३ | १७ | १८ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२०० | ११०३ | ९७ | ० | ० | १२०० | ० | ० |
| २०८१/८२ | १३०४ | १२३९ | ६५ | ० | ० | १३०४ | ० | ० |
| २०८२/८३ | १४०९ | १३३९ | ७० | ० | ० | १४०९ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्रसं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानून सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | प्रशासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु । | सालबसाली | ३२९७ | नीति, कानून तथा कार्यविधि परिपालनामा ५० प्रतिशतले बृद्धि हुनेछ । |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम प्रशासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ । उपर्युक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

ताँजाकोट गाउँपालिकाले नयाँ प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको छ भने हाल अस्थायी टहराबाट गाउँपालिकाको सेवा प्रवाह भैरहेको छ । ५ वटा वडा कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन् । यस गाउँपालिकामा जम्मा ५ वटा वडा रहेका छन् । स्वीकृत संगठन संरचना अनुसार गाउँपालिकामा १३ वटा विभिन्न शाखाहरू रहेका छन् जसमा ६९ जना कर्मचारी संलग्न भई सेवा प्रवाह गरिहेका छन् । जसमा ३४ जना स्थायी र ३५ जना करार कर्मचारीहरू छन् भने ५ वटा वडामा ३१ जना कर्मचारी रहेका छन् जसमा १९ स्थायी र १ करारमा कर्मचारी भर्ना गरी वडा कार्यालयबाट सेवा प्रवाह भईरहेको छ । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटरबाट सफ्टवेयर प्रणालीहरू स्थापना गरी गाउँपालिका र वडामा समेत प्रयोगमा ल्याइएको छ ।

### ७.२.२ समस्या तथा चुनौति

गाउँपालिकाको योजनावद्ध विकासका लागि एकीकृत गाउँ विकास योजना, राजस्व सुधार कार्ययोजना तर्जुमा, दिगो विकास लक्ष्य स्थानीयकरण खाका र गाउँपालिका पार्श्वचित्र (डिजिटल प्रोफाइल)का आधारमा योजना तर्जुमा गर्ने अभ्यासको अभाव रहेको छ । गाउँपालिकाको विकासका लागि तर्जुमा गरिएका समिति, उपसमितिहरूको गतिशिलताका लागि लिखित कार्य जिम्मेवारी प्रदान गरी सक्रिय रहेका छन् । गाउँपालिकाको क्षमता विकास विश्लेषण गरी सोको आधारमा योजना र कार्यान्वयन गरी सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी बनाउने अवसर सृजना गरेको छ ।

### ७.२.३ सोँच

"सक्षम र जवाफदेही प्रशासन, सूचना प्रविधिमा आधाारित सेवा प्रवाह"

### ७.२.४ उद्देश्य

१. छिटो, सहज र सरल सेवा प्रवाह गर्नु ।

### ७.२.५ रणनीति

१. गाउँपालिका र वडामा रहेको जनशक्तिको क्षमता विकास गरी सेवामा विशिष्टीकरण गर्ने ।

२. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सेवा प्रवाह गर्ने ।

३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | ५५ | ६९ | ७१ | ७५ | ८० |
| गाउँपालिकामा कार्यरत प्राविधिक | संख्या | ५ | ६ | ७ | ८ | ९ |

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| जनशक्ति | | | | | | |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, मानव संसाधन र सेवा प्रवाह उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २५०० | २३५० | १५० | ० | ० | २५०० | ० | ० |
| २०८१/८२ | २६७० | २६०० | ७० | ० | ० | २६७० | ० | ० |
| २०८२/८३ | २७८९ | २५१० | २७९ | ० | ० | २७८९ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्यसम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ६१३८ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति र कानून बमोजिम क्षमता विकास योजना तर्जुमा गरी संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपर्युक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

संविधानको व्यवस्था र सङ्घीयताको कार्यान्वयन सँगै यस गाउँपालिकामा राजस्व परामर्श समितिको गठन भएको छ। राजस्व परामर्श समितिको छलफल र निर्णयका आधारमा कर तथा गैर करको दर र दायरा निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ। गाउँपालिकाको आन्तरिक स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ। यो गाउँपालिकामा जम्मा बजेटको २.११ प्रतिशत आन्तरिक आयस्रोत रहेको छ। सबै ५ वटा वडाहरूबाट राजस्व संकलन गर्ने अभ्यास गरिएको छ। यद्यपि यस

गाउँपालिका क्षेत्र भित्र सबै करको दायरा विस्तार गर्न नसक्नुले गाउँपालिकामा राजस्व सोँचे जस्तो राजस्व संकलन गर्न सकिएको छैन । गाउँपालिकाले राजस्व सुधार योजना तयार गरी करका दायरा पहिचानमा अध्ययन गरी राजस्व योजना निर्माण गरी कार्यान्वयनमा ल्याएमा गाउँपालिकाको राजस्व बृद्धिको प्रवल सम्भावना रहेको छ ।

### ७.३.२ समस्या तथा चुनौति

यस गाउँपालिकाको राजस्व संकलनको प्रचुर सम्भावना रहेको वडा तथा गाउँपालिकाबाट अनलाईन सफ्टवेयर मार्फत् राजस्व संकलन व्यवस्था नहुनु, स्पष्ट कार्यविधि तथा मापदण्ड, कर्मचारीको क्षमता विकासको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्यून राजस्व मात्र संकलन भइरहेको छ । यस गाउँपालिकामा व्यवसाय कर र बहाल कर समेत सन्तोषजनक रुपमा उठाउन सकिएको छैन । ढुङ्गा, गिट्टि र बालुवा जस्तो क्षेत्रमा आम्दानी हुने राजस्वमा राजस्व संकलन गर्न नसकिएको अवस्था छ । राजस्वको दायरा पहिचान गर्न नसक्नु र राजस्व प्रवर्द्धनात्मक कार्य नहुनु समस्या रहेको छ ।

### ७.३.३ सोच

"सुदृढ राजस्व संकलन प्रणाली र करदाता मैत्री प्रगतिशिल राजस्व"

### ७.३.४ उद्देश्य

१. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा बृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु ।

२. नागरिकमा कर शिक्षाको जनचेतना सञ्चालन गर्दै कर प्रतिको दायित्व बोध गर्नु ।

### ७.३.५ रणनीति

१. राजस्वको सम्भाव्यता अध्ययन गरी न्यूनकर र फराकिलो दायरा सहितको राजस्व सुधार योजना तयार गरी कायान्वयन गर्ने ।

२. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक तथा बाह्य स्रोत परिचालनमा जोड गर्ने,

३. समुदाय स्तर र विभिन्न सरोकारवाला निकायहरूमा कर शिक्षालाई व्यापकता गर्ने ,

४. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र सङ्घीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु.हजार | ४.६ | ५ | ६ | ७ | ८ |
| वार्षिक आन्तरिक आय रकम | रु.लाखमा | २ | ३ | ४ | ५ | ६ |
| कुल वार्षिक बजेट | रु.हजारमा | २८०३११ | २९०४५७ | ३००९८७ | ३२०९७० | ३५०९८३ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक | प्रतिशत | १० | २० | ४० | ५० | ६० |

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| गर्ने वडाहरू | | | | | | |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३३४ | ३०१ | ३३ | ० | २३ | ३११ | ० | ० |
| २०८१/८२ | ३४६ | ३११ | ३५ | ० | ३६ | ३१० | ० | ० |
| २०८२/८३ | ४१२ | ३७१ | ४१ | ० | ४३ | ३६९ | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्रसं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुधार सम्बन्धी क्षमता अभिबृद्धि, राजस्व व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा बृद्धि गर्नु । | सालबसाली | ९०६ | आन्तरिक आय तथा राजस्वमा वार्षिक रुपमा २३ प्रतिशतले बृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

राजस्व सुधार योजना निर्माण तथा कार्यान्वयन र राजस्व संकलनका लागि वडा र गाउँपालिकाका अनलाईन सफ्टवेयर मार्फत् राजस्व संकलनको विधि अवलम्बन भएको हुनेछ । नागरिकस्तरमा कर शिक्षालाई प्रवर्द्धन भएमा अपेक्षित नतिजा हासिल हुनेछ। उपर्युक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

यस गाउँपालिकाले विगत वर्षदेखि वार्षिक नीति, बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी योजनाहरूको कार्यान्वयनको अभ्यास रहेको छ । गाउँपालिकाले न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापन लगायत विषयगत समिति गठन भई विभिन्न विषयमा क्रियाशील रहेका छन् । सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचनापाटी मार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चुनौति

गाउँपालिकाको एकीकृत विकासका लागि गाउँ पार्श्वचित्र, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, राजस्व सुधार योजना निर्माण गरी वार्षिक योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने पर्याप्त स्थान छन् । योजनावद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ सोच

"तथ्यमा आधारित योजना तर्जुमा, एकीकृत र दिगो विकास"

### ७.४.४ उद्देश्य

१. तथ्यमा आधारित योजना तर्जुमा, समावेशी, सहभागितामूलक तथा नतिजामूलक विकास गर्नु ।

### ७.४.५ रणनीति

१. गाउँपालिकाको वस्तुस्थिति झल्किने गरी डिजिटल प्रोफाईल निर्माण गर्ने ।

२. तथ्यमा आधारित वार्षिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई प्रभावकारी बनाउने ।

३. तथ्यगत सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक विकास गर्ने ।

४. गैसस, निजीक्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार तथ्याकं, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको वास्तविक उपलब्धि | चालु आ.व. २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | संख्या | १ | १ | २ | ३ | ४ |
| अद्यावधिक गाउँ पार्श्वचित्र | संख्या | ० | ० | १ | १ | १ |
| अद्यावधिक आवधिक योजना | संख्या | ० | ० | १ | १ | १ |
| क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | २ | ३ | ४ | ५ | ६ |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

यस गाउँपालिकामा उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्याकं, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३३४ | २६७ | ६७ | ० | ० | ३३४ | ० | ० |
| २०८१/८२ | ३६९ | २९५ | ७४ | ० | ० | ३६९ | ० | ० |
| २०८२/८३ | ३९८ | ३१८ | ८० | ० | ० | ३९८ | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना तथा अन्य विकास व्यवस्थापन कार्यक्रम | गाउँपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, नतिजामूलक बनाउनु, | सालबसाली | ९८६ | ४ वटा दीर्घकालीन योजना तयार भएको हुने छ । र सोही अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ । |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति बमोजिम बजेट विनियोजन भई गाउँपालिकाको पार्श्वचित्र, आवधिक योजना र वार्षिक योजना तर्जुमा भएको हुनेछ । गाउँपालिकामा दक्ष जनशक्ति, स्रोतको अभाव, क्षमता विकासको अभावले गर्दा दीर्घकालीन नीति, ऐन, नियमावली, योजनाहरु तयार पार्न समस्या हुने गरेको छ । स्थानीय तहका सरकारका निकायहरू र गैसस, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय भएमा अपेक्षित नतिजा हुनेछ । उपर्युक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन

| क.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, शिक्षा  शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| ५. | प्रमुख, प्रशासन शाखा, | - सदस्य |
| ६. | प्रमुख, प्राविधिक शाखा | - सदस्य |
| ७ | प्रमुख, पर्यटन विकास शाखा | - सदस्य |
| ८. | प्रमुख, उद्योग , पर्यटन तथा सहकारी शाखा | - सदस्य |
| ९. | प्रमुख, महिला तथा बालबालिका शाखा | - सदस्य |
| १०. | प्रमुख , सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | - सदस्य |
| ११. | प्रमुख, पशु सेवा शाखा | - सदस्य |
| १२ | प्रमुख, कृषि विकास शाखा | - सदस्य |
| १३. | प्रमुख विपद् व्यवस्थापन तथा वातावरण शाखा | - सदस्य |
| १४. | योजना तथा क्षमता विकास सल्लाहकार, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | - विज्ञ सदस्य |
| १५. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य सचिव |

# अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## (आ.व. २०८०/८१-२०८२/८३)

## पृष्ठभूमि

नेपालमा संङ्घीय शासन व्यवस्थाको अभ्याससँगै स्थानीय सरकार संचालनका लागि संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन् । जसबाट स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तीव्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ । स्थानीय सरकार, अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्य प्रभावकारी रहेको छ ।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्रतयार गर्नुजरुरी देखिन्छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारहरूले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिविम्बित हुने गरी आफ्ना प्रयासहरू अगाडी बढाउनु आवश्यक छ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ ।

स्थानीय सरकारले विकास प्रक्रियालाई निदृष्ट गन्तव्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्न सरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक छ । दीर्घकालीन, आवधिक तथा विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयारगरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहना सम्बोधन गर्ने गर्नुपर्दछ । योजनाले उपलब्ध हुनसक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको बीचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नुपर्दछ ।

कानूनी रूपमा हेर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमागर्न अधिकतम् प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिलाई केन्द्रविन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । स्रोत अनुमान तथा सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा तथा

प्राथमिकता निर्धारणको आधार तथा प्रक्रिया बमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

ताँजाकोट गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम कोभिड १९ पछिको अवस्था, रुस युक्रेन युद्धले ल्याएको संकट एवम् विश्वव्यापी रूपमा देखापरेको अस्वाभाविक मूल्यबृद्धिका बावजुद प्रदेश तथा संङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समय तालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न गाउँपालिकाको आवधिक योजना, राजस्व सुधार योजना र संस्थागत क्षमता विकास योजनाको कमी महशुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखि नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने सिकाई समेत भएको छ । चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धी समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत रूपमा नभएमा उप-क्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नेछ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरू

नेपालको संविधानले तीनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपर्युक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहाय अनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछ:

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखि २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखि ६८ र परिच्छेद १0: दफा ६९ देखि ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेद: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधि सम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारबाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा पन्धौ योजना, कर्णाली प्रदेशको योजना तथा बजेटका सान्दर्भिक बुँदाहरू

१०.समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७६

## बजेट सीमा

बजेट वर्ष आ.व. २०८०/८१ समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उप-क्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उप-क्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ :

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **१.** | **आर्थिक विकास** | २०८०/८१ | ४३३८ | २३७५ | १९६३ | ० | ६३६ | १९६३ | ३१७७ | ० |
| | | २०८१/८२ | ४४९१ | २४७३ | २०१८ | ० | ६३८ | १८५० | ३५४८ | ० |
| | | २०८२/८३ | ४६०५ | २५३८ | २०६७ | ० | ६४० | १९७० | ३५४० | ० |
| क | कृषि तथा खाद्य सुरक्षा | २०८०/८१ | ४५० | २९३ | १५८ | ० | ५३० | ४५० | ९०८ | ० |
| | | २०८१/८२ | ४६० | २९९ | १६१ | ० | ५३१ | ४६० | १०१४ | ० |
| | | २०८२/८३ | ४७० | ३०६ | १६५ | ० | ५३३ | ४७० | १०११ | ० |
| ख | सिंचाई | २०८०/८१ | २३८ | ४८ | १९० | ० | ० | २३८ | ० | ० |
| | | २०८१/८२ | २४६ | ४९ | १९७ | ० | ० | २४६ | ० | ० |
| | | २०८२/८३ | २६७ | ५३ | २१४ | ० | ० | २६७ | ० | ० |
| ग | पशु सेवा | २०८०/८१ | ४५० | ३६० | ९० | ० | ० | ४५० | ० | ० |
| | | २०८१/८२ | ४६५ | ३७२ | ९३ | ० | ० | ४६५ | ० | ० |
| | | २०८२/८३ | ४७८ | ३८२ | ९६ | ० | ० | ४७८ | ० | ० |
| घ | उद्योग, व्यापार तथा व्यवसाय | २०८०/८१ | १२५० | ८७५ | ३७५ | ० | ० | १२५० | ० | ० |
| | | २०८१/८२ | १३२० | ९२४ | ३९६ | ० | ० | १३२० | ० | ० |
| | | २०८२/८३ | १३६० | ९५२ | ४०८ | ० | ० | १३६० | ० | ० |
| ङ | पर्यटन तथा संस्कृति | २०८०/८१ | १२५० | ३७५ | ८७५ | ० | ० | १२५० | ० | ० |
| | | २०८१/८२ | १२६० | ३७८ | ८८२ | ० | ० | १२६० | ० | ० |
| | | २०८२/८३ | १२७० | ३८१ | ८८९ | ० | ० | १२७० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| च | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २०८०/८१ | २५० | २०० | ५० | ० | १०६ | १४४ | ० | ० |
| | | २०८१/८२ | २७० | २१६ | ५४ | ० | १०६ | १६४ | ० | ० |
| | | २०८२/८३ | २८० | २२४ | ५६ | ० | १०७ | १७३ | ० | ० |
| छ | श्रम, रोजगारी र गरिबी निवारण | २०८०/८१ | ४५० | २२५ | २२५ | ० | ० | -१८१९ | २२६९ | ० |
| | | २०८१/८२ | ४७० | २३५ | २३५ | ० | ० | -२०६४ | २५३४ | ० |
| | | २०८२/८३ | ४८० | २४० | २४० | ० | ० | -२०४८ | २५२८ | ० |
| **२.** | **सामाजिक विकास** | **२०८०/८१** | **४२२८४** | **३२०५४** | **१०२३०** | **०** | **२६५** | **३८१४२** | **३८७६** | **१०६६** |
| | | **२०८१/८२** | **४४०२३** | **३३३२८** | **१०६९५** | **०** | **२६६** | **३९४८८** | **४२६९** | **९१४** |
| | | **२०८२/८३** | **४६११७** | **३४९८८** | **१११२९** | **०** | **२६७** | **४१८०५** | **४०४५** | **५९८** |
| क | शिक्षा, कला, भाषा तथा साहित्य | २०८०/८१ | २२५०० | १९१२५ | ३३७५ | ० | ० | २१५९२ | ९०८ | २१७ |
| | | २०८१/८२ | २३३०० | १९८०५ | ३४९५ | ० | ० | २२२८६ | १०१४ | १३५ |
| | | २०८२/८३ | २४१०० | २०४८५ | ३६१५ | ० | ० | २३०८९ | १०११ | १२६ |
| ख | स्वास्थ्य तथा पोषण | २०८०/८१ | ४५०० | ३८२५ | ६७५ | ० | ० | ३१३९ | १३६१ | १४५ |
| | | २०८१/८२ | ४७०० | ३९९५ | ७०५ | ० | ० | ३१७९ | १५२१ | २६५ |
| | | २०८२/८३ | ४९०० | ४१६५ | ७३५ | ० | ० | ३३८३ | १५१७ | २५६ |
| ग | खानेपानी तथा सरसफाइ | २०८०/८१ | ५३३४ | १०६७ | ४२६७ | ० | ० | ५०८८ | २४६ | ३५७ |
| | | २०८१/८२ | ५५४६ | ११०९ | ४४३७ | ० | ० | ५३३२ | २१४ | २६७ |
| | | २०८२/८३ | ५६९८ | ११४० | ४५५८ | ० | ० | ५६९८ | ० | ० |
| घ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८०/८१ | ८७५० | ७४३८ | १३१३ | ० | ० | ८२९६ | ४५४ | ३४७ |
| | | २०८१/८२ | ९०८७ | ७७२४ | १३६३ | ० | ० | ८५८० | ५०७ | २४७ |
| | | २०८२/८३ | ९९६९ | ८४७४ | १४९५ | ० | ० | ९४६३ | ५०६ | २१६ |
| ङ | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८०/८१ | १२०० | ६०० | ६०० | ० | २६५ | २७ | ९०८ | ० |
| | | २०८१/८२ | १३९० | ६९५ | ६९५ | ० | २६६ | १११ | १०१४ | ० |
| | | २०८२/८३ | १४५० | ७२५ | ७२५ | ० | २६७ | १७२ | १०११ | ० |
| **३.** | **पूर्वाधार विकास क्षेत्र** | **२०८०/८१** | **७०००** | **४५३** | **८०४९** | **०** | **१७२४** | **-२८१६५** | **३४९४३** | **०** |
| | | **२०८१/८२** | **९०१८** | **५६८** | **८४५०** | **०** | **१७२७** | **-३१७३७** | **३९०२८** | **०** |
| | | **२०८२/८३** | **९४२३** | **५९८** | **८८२५** | **०** | **१७३२** | **-३१२४६** | **३८९३७** | **०** |
| क | बस्ती विकास, आवास तथा भवन | २०८०/८१ | २३३४ | ११७ | २२१७ | ० | ६६३ | -५९८ | २२६९ | ० |
| | | २०८१/८२ | २४८९ | १२४ | २३६५ | ० | ६६४ | -७१० | २५३४ | ० |
| | | २०८२/८३ | २५४८ | १२७ | २४२१ | ० | ६६६ | -६४७ | २५२८ | ० |
| ख | सडक तथा यातायात | २०८०/८१ | २३३४ | ७० | २२६४ | ० | ० | -३०३४० | ३२६७४ | ० |
| | | २०८१/८२ | २४३५ | ७३ | २३६२ | ० | ० | -३४०५८ | ३६४९३ | ० |
| | | २०८२/८३ | २५४६ | ७६ | २४७० | ० | ० | -३३८६३ | ३६४०९ | ० |
| ग | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०८०/८१ | २३३४ | ११७ | २२१७ | ० | ५३० | १८०४ | ० | ० |
| | | २०८१/८२ | २४३६ | १२२ | २३१४ | ० | ५३१ | १९०५ | ० | ० |
| | | २०८२/८३ | २५४९ | १२७ | २४२२ | ० | ५३३ | २०१६ | ० | ० |
| ङ | सूचना, सञ्चार तथा प्रविधि | २०८०/८१ | १५०० | १५० | १३५० | ० | ५३० | ९७० | ० | ० |
| | | २०८१/८२ | १६५८ | २४९ | १४०९ | ० | ५३१ | ११२७ | ० | ० |
| | | २०८२/८३ | १७८० | २६७ | १५१३ | ० | ५३३ | १२४७ | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **४.** | **वन तथा वातावरण क्षेत्र** | २०८०/८१ | २६० | ८८ | १७२ | ० | ० | २६० | ० | ० |
| | | २०८१/८२ | २७६ | ९८ | १८८ | ० | ० | २७६ | ० | ० |
| | | २०८२/८३ | २९८ | १०१ | १९७ | ० | ० | २९८ | ० | ० |
| क | वन, भूसंरक्षण र जैविक विविधता | २०८०/८१ | ८० | ८ | ७२ | ० | ० | ८० | ० | ० |
| | | २०८१/८२ | ८६ | ९ | ७७ | ० | ० | ८६ | ० | ० |
| | | २०८२/८३ | ९० | ९ | ८१ | ० | ० | ९० | ० | ० |
| ख | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०८०/८१ | ८० | ४० | ४० | ० | २६५ | ८० | ० | ० |
| | | २०८१/८२ | ९० | ४५ | ४५ | ० | २६६ | ९० | ० | ० |
| | | २०८२/८३ | ८८ | ४४ | ४४ | ० | २६७ | ८८ | ० | ० |
| ग. | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलता | २०८०/८१ | १०० | ४० | ६० | ० | ० | १०० | ० | ० |
| | | २०८१/८२ | ११० | ४४ | ६६ | ० | ० | ११० | ० | ० |
| | | २०८२/८३ | १२० | ४८ | ७२ | ० | ० | १२० | ० | ० |
| **५.** | **संस्थागत विकास क्षेत्र** | २०८०/८१ | ४३६८ | ४०२१ | ३४७ | २३ | ३११ | ४०३४ | ० | ० |
| | | २०८१/८२ | ४६८९ | ४४४५ | २४४ | ३६ | ३१० | ४३४३ | ० | ० |
| | | २०८२/८३ | ५००८ | ४५३८ | ४७० | ४३ | ३६९ | ४५९६ | ० | ० |
| क. | नीति, कानून, न्याय तथा सुशासन | २०८०/८१ | १२०० | ११०३ | ९७ | ० | ० | १२०० | ० | ० |
| | | २०८१/८२ | १३०४ | १२३९ | ६५ | ० | ० | १३०४ | ० | ० |
| | | २०८२/८३ | १४०९ | १३३९ | ७० | ० | ० | १४०९ | ० | ० |
| ख. | संगठन, मानव संशाधन र क्षमता विकास | २०८०/८१ | २५०० | २३५० | १५० | ० | ० | २५०० | ० | ० |
| | | २०८१/८२ | २६७० | २६०० | ७० | ० | ० | २६७० | ० | ० |
| | | २०८२/८३ | २७८९ | २५१० | २७९ | ० | ० | २७८९ | ० | ० |
| ग. | राजस्व तथा श्रोत परिचालन | २०८०/८१ | ३३४ | ३०१ | ३३ | २३ | ३११ | ० | ० | ० |
| | | २०८१/८२ | ३४६ | ३११ | ३५ | ३६ | ३१० | ० | ० | ० |
| | | २०८२/८३ | ४१२ | ३७१ | ४१ | ४३ | ३६९ | ० | ० | ० |
| घ. | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८०/८१ | ३३४ | २६७ | ६७ | ० | ० | ३३४ | ० | ० |
| | | २०८१/८२ | ३६९ | २९५ | ७४ | ० | ० | ३६९ | ० | ० |
| | | २०८२/८३ | ३९८ | ३१८ | ८० | ० | ० | ३९८ | ० | ० |
| | **जम्मा** | २०८०/८१ | ५८२५० | ३८९९२ | २०७६० | २३ | २९३७ | १६२३४ | ४१९९७ | १०६६ |
| | | २०८१/८२ | ६२४९७ | ४०९१२ | २१५९५ | ३६ | २९४१ | १४२२१ | ४६८४४ | ९१४ |
| | | २०८२/८३ | ६५४५१ | ४२७६४ | २२६८७ | ४३ | ३००८ | १७४२३ | ४६५२२ | ५९८ |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका थप दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही विषयगत क्षेत्र रणनीतिक, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसूची ८ र ९ मा उलिखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनोट गर्नुपर्नेछ ।

३. विषयक्षेत्र रणनीति सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक वर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ ।

६. गाउँपालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तिकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यावसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुर्‍याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भूउपयोग योजना र क्षेत्र, बस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्नेछ ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनोट गर्नुपर्नेछ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाई प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उप-क्षेत्रअनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, विकास साझेदारसँग साझेदारी गर्न र सो मार्फत् कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समय सीमा प्रक्रिया सँग अनुकूल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लिखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

आज्ञाले,

राजेन्द्र स्याङ्कु

निमित्त प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| कार्यक्रम/आयोजना | आ.व. २०८०/८१ | | | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | | जम्मा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | रणनीतिक स्तम्भ | प्राथमिकिकरण | दिगो विकास लक्ष्य संकेत | लैंगिक संकेत | जलवायु संकेत |
| स्याउ ओखर साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | १८०० | २०० | १६०० | २१०० | ३०० | १८०० | २६०० | ४०० | २२०० | ६५०० | ९०० | ५६०० | 1 | P1 | SDG 2 | 1 | 1 |
| किसान सूचीकरण कार्यक्रम | १५० | ० | १५० | २०० | ० | २०० | २५० | ० | २५० | ६०० | ० | ६०० | 1 | P2 | SDG 2 | 2 | 2 |
| सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | ५२९ | २९ | ५०० | ६५० | ५० | ६०० | ७५० | ८० | ६७० | १९२९ | १५९ | १७७० | 1 | P2 | SDG 2 | 1 | 1 |
| बाखा पकेट कार्यक्रम | १५०० | २०० | १३०० | १८०० | ३०० | १५०० | २१०० | ४०० | १७०० | ५४०० | ९०० | ४५०० | 1 | P1 | SDG 2 | 1 | 2 |
| औषधि खरिद | २५० | २० | २३० | ३५० | ३० | ३२० | ४५० | ४० | ४१० | १०५० | ९० | ८६० | 1 | P2 | SDG 2 | 2 | 1 |
| पशु सेवा प्रसार, उपचार तथा अन्य पशु स्वास्थ्य शिविर कार्यक्रम किसान सूचीकरण | १५० | १० | १४० | २०० | २० | १८० | ३०० | ३० | २७० | ६५० | ६० | ५९० | 1 | P1 | SDG 2 | 1 | 2 |
| लघु, घरेलु तथा अन्य साना उद्योग प्रवर्द्धन कार्यक्रम | ३४२६ | ४२६ | ३००० | ४००० | ५०० | ३५०० | ५००० | १००० | ४००० | १२४२६ | १९२६ | १०५०० | 1 | P2 | SDG 9 | 2 | 1 |
| पर्यटन प्रवर्द्धन कार्यक्रम | ३२८५ | २८५ | ३००० | ४००० | ६०० | ३४०० | ५००० | ७०० | ४३०० | १२२८५ | १५८५ | १०७०० | 1 | P1 | SDG 8 | 2 | 2 |
| वित्तीय साक्षरता कक्षा सञ्चालन | ४६३ | ६३ | ४०० | ६५० | १५० | ५०० | ७९० | ९० | ७०० | १९०३ | ३०३ | १६०० | 1 | P2 | SDG 9 | 2 | 2 |
| सहकारी संस्थाहरूको क्षमता विकास मार्फत् प्रवर्द्धन तथा अन्य कार्यक्रम | १८५ | ३५ | १५० | २५० | ५० | २०० | ३८५ | ३५ | ३५० | ८२० | १२० | ७०० | 1 | P1 | SDG 1 | 2 | 3 |
| प्रधानमन्त्री/ मुख्यमन्त्री रोजगार तथा अन्य रोजगारमूलक कार्यक्रम | २२००२ | १०२ | २१९०० | २३००० | २५० | २१०५० | २४००० | ३०० | २३७०० | ६९००२ | ६५२ | ६६६५० | 1 | P1 | SDG 8 | 1 | 1 |
| सिलाईकटाई सीप विकास तालिम, बेमौसमी तरकारी खेती, कुकिङ, स्तरोन्नति | २००० | ३०० | १७०० | २५०० | ५०० | २००० | ३००० | ६०० | २४०० | ७५०० | १४०० | ६१०० | 1 | P2 | SDG 9 | 1 | 1 |
| गरिबी निवारण कार्यक्रम | २९८ | १८ | २८० | ३५० | २०० | ३३०० | ४०० | ३०० | ३७०० | १०४ | ६८५ | ९८० | 1 | P1 | SDG | 1 | 1 |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | ५ | ० | ० | | | ० | | | ८५ | | ० | | | 1 | | |
| प्रारम्भिक बाल विकास कार्यक्रम | ९८४० | ५४० | ९३०० | १०५०० | १००० | ९५०० | १२००० | १५०० | १०५०० | ३२३४० | ३०४० | २९३०० | 1 | P1 | SDG 4 | 1 | 2 |
| आधारभूत शिक्षा कार्यक्रम | ८७३० | २३० | ८५०० | ९५०० | ५०० | ९००० | १०५०० | १०००० | ९५०० | २८७३० | १७३० | २७०००० | 1 | P2 | SDG 4 | 1 | 2 |
| माध्यमिक शिक्षा कार्यक्रम | ६४३० | ५०० | ५९३० | ७००० | ५०० | ६५०० | ९००० | ७०० | ८३०० | २२४३० | १७०० | २०७३० | 1 | P2 | SDG 4 | 1 | 2 |
| अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम | २४९६ | २०० | २२९६ | ३०० ० | ३०० | २७०० | ४५०० | ५०० | ४०० ० | ९९९६ | १०० ० | ८९९६ | 1 | P2 | SDG 4 | 1 | 2 |
| गाउँपालिका शिक्षा विकास सालवसाली अन्य कार्यक्रम | १२८६४ | २०० | १२६६४ | १३०००० | ४०० | १२६०० | १४०००० | ६०० | १३४०० | ३९८६४ | १२०० | ३८६६४ | 2 | P2 | SDG 4 | 1 | 2 |
| औषधि खरिद र अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रम | २००० | ५० | १९५० | २५०० | १०० | २४०० | ३००० | २०० | २८०० | ७५०० | ३५० | ७१५० | 2 | P1 | SDG 3 | 2 | 3 |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | १३०० | ५० | १२५० | १६०० | १०० | १५०० | २०० ० | ३०० | १७०० | ४९०० | ४५० | ४४५० | 2 | P1 | SDG 3 | 1 | 1 |
| भ्रूलखोला खानेपानी आयोजना | २५०००० | ३०० | २४७०० | ३०००० | ४०० | २९६०० | ३५०० ० | १०० ० | ३४०० | ९०००० | १७०० | ८८३०० | 2 | P1 | SDG 6 | 1 | 1 |
| रामा खानेपानी आयोजना रामा ताँजाकोट -३ | २००० | १०० | १९०० | २५०० | २०० | २३०० | ३००० | ३०० | २७०० | ७५०० | ६०० | ६९०० | 2 | P2 | SDG 6 | 1 | 1 |
| राँडेपानी खानेपानी आयोजना रामा ताँजाकोट -५ | २००० | १०० | १९०० | २५०० | २०० | २३०० | ३००० | ३०० | २७०० | ७५०० | ६०० | ६९०० | 2 | P1 | SDG 6 | 1 | 1 |
| खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यक्रम | १०००० | १०० | ९०० | १५०० | २०० | १३०० | २००० | ४०० | १६०० | ४५०० | ७०० | ३८०० | 2 | P2 | SDG 6 | 1 | 2 |
| सामाजिक सुरक्षा कार्यक्रम | १९६९ | ० | १९६९ | २५०० | ० | २५०० | ३००० | ० | ३०० ० | ७४६९ | ० | ७४६९ | 2 | P1 | SDG 1 | 1 | 2 |
| अपाङ्गता भएका व्यक्ति संरक्षण तथा सशक्तीकरण कार्यक्रम | १३५० | ५० | १३०० | १५०० | १०० | १४०० | २०० ० | २०० | १८०० | ४८५० | ३५० | ४५०० | 2 | P1 | SDG 5 | 1 | 2 |
| ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | १६५० | ० | १६५० | २००० | ० | २००० | ३००० | ० | ३०० ० | ६६५० | ० | ६६५० | 2 | P1 | SDG 5 | 1 | 2 |
| बालबालिका र किशोकिशोरी कार्यक्रम | १३५० | ५० | १३०० | १६०० | १०० | १५०० | २००० | २०० | १८०० | ४९५० | ३५० | ४६०० | 2 | P1 | SDG 5 | 1 | 2 |
| लैङ्गिक हिंसा पीडितहरूका लागिदीर्घकालिन पुर्नस्थापना केन्द्रको व्यवस्थापन | १०५० | १०० | ९५० | ११०० | १०० | १००० | १५०० | २०० | १३०० | ३६५० | ४०० | ३२५० | 2 | P2 | SDG 1 | 1 | 3 |
| महिला सशक्तिकरण तथा अन्य कार्यक्रम | ३४३२ | ४०० | ३०३२ | ४०० ० | ५०० | ३५०० | ५०० ० | ६०० | ४४०० | १२४३२ | १५०० | १०९३२ | 2 | P1 | SDG 5 | 1 | 2 |
| खेलकुद विकास तथा अन्य प्रवर्द्धन कार्यक्रम | ३५९८ | ५०० | ३०९८ | ४०० ० | ६०० | ३४०० | ५०० ० | ७०० | ४३०० | १२५९८ | १८०० | १०७९८ | 2 | P2 | SDG 4 | 2 | 3 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | ६०२१ | २०० | ५९३० | ७००० | ५०० | ६५०० | ८००० | ५०० | ७५०० | २१०२१ | १२०० | १९९३० | 2 | P2 | SDG 11 | 2 | 2 |
| सडक स्तरोन्नति कार्यक्रम | ६७४९ | ३०० | ६४४९ | ७५०० | ५०० | ७००० | ८००० | ७०० | ७३०० | २२२४९ | १५०० | २०७४९ | 2 | P1 | SDG 9 | 3 | 3 |
| सौर्य सडक बत्ती व्यवस्थापन कार्यक्रम | २४७३ | २०० | २२७३ | ३००० | ३०० | २७०० | ३५०० | ५०० | ३००० | ८९७३ | १००० | ७९७३ | 2 | P2 | SDG 11 | 2 | 2 |
| सुधारिएको फलामे चुलो अनुदान कार्यक्रम | ४३९७ | १०० | ४२९७ | ५००० | ५०० | ४५०० | ६००० | ५०० | ५५०० | १५३९७ | ११०० | १४२९७ | 2 | P1 | SDG 11 | 1 | 1 |
| सूचना तथा सञ्चार प्रविधि प्रवर्द्धन कार्यक्रम | ३५०९ | २०० | ३३०९ | ४००० | ३०० | ३७०० | ५००० | ५०० | ४५०० | १२५०९ | १००० | ११५०९ | 2 | P2 | SDG 17 | 2 | 2 |
| वन, हरियाली तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | १३७ | २० | ११७ | १५० | ३० | १२० | २०० | ४० | १६० | ४८७ | ९० | ३९७ | 3 | P2 | SDG 15 | 1 | 1 |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम | ६४९ | ४० | ६०९ | ७०० | ५० | ६५० | ८०० | १०० | ७०० | २१४९ | १९० | १९५९ | 3 | P2 | SDG 12 | 1 | 1 |
| विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | ३०१ | २० | २८१ | ३५० | ३० | २२० | ४०० | ४० | ३६० | १०५१ | ९० | ८६१ | 3 | P2 | SDG 13 | 1 | 1 |
| नीति कानून सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | ३२९७ | २०० | ३०९७ | ३५०० | ३०० | ३२०० | ४००० | ४०० | ३६०० | १०७९७ | ९०० | ९८९७ | 3 | P2 | SDG 16 | 2 | 2 |
| संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | ६१३८ | ५०० | ५६३८ | ६५०० | ७०० | ५८०० | ७००० | ८०० | ६२०० | १९६३८ | २००० | १७६३८ | 4 | P2 | SDG 16 | 2 | 3 |
| राजस्व सुधार सम्बन्धी क्षमता अभिबृद्धि, राजस्व व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | ९०६ | ५० | ८५६ | १००० | १०० | ९०० | १५०० | २०० | १३०० | ३४०६ | ३५० | ३०५६ | 4 | P1 | SDG 16 | 2 | 2 |
| तथ्याङ्क, योजना तथा अन्य विकास व्यवस्थापन कार्यक्रम | ९८६ | ५० | ९३६ | ११०० | १०० | १००० | १५०० | २०० | १३०० | ३५८६ | ३५० | ३२३६ | 4 | P1 | SDG 16 | 3 | 3 |

## अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण